# प्रभाव दैनिक
National Daily


इ-पेपरका लागि

वर्ष १३ | अंक १५९ | काठमाडौं | मंगलबार, १३ असोज २०८३ | Prabhab National Daily | Tuesday, 29 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


पूर्वप्रधानन्यायाधीश पक्राउ प्रकरण

## स्वेच्छाचारी र गैरकानुनी घटना भएको सर्वोच्चको ठहर

- सर्वोच्चको आकस्मिक पूर्ण बैठकद्वारा जबरालाई नियन्त्रणमा लिएको घटना स्वेच्छाचारी र गैरकानुनी ठहर
- कानुनी प्रक्रिया नपुर्‍याई गरिएको कारबाही लोकतन्त्रमा अस्वीकार्य रहेको उल्लेख
- न्यायपालिकाबाट हुने कुनै पनि न्याय सम्पादनमा बाह्य वा आन्तरिक कुनै पनि प्रकारको प्रभावलाई स्थान नदिइने प्रतिबद्धता
- राष्ट्रिय मानवअधिकार आयोगले उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रमुख एसएसपी सन्तोष खड्कालाई पठायो बयानका लागि पत्र
- संघीय संसद्का दुवै सदनमा प्रतिपक्षी सांसदहरूले जनाए आपत्ति, सत्तारूढ रास्वपाका सांसदहरु मौन




■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मध्यराति घरबाटै नियन्त्रणमा लिई नेपाल प्रहरीले करिब १० घण्टा राखिएको घटनाप्रति सर्वोच्च अदालतले गम्भीर ध्यानाकर्षण गराउँदै कडा आपत्ति जनाएको छ।

सर्वोच्च अदालतमा सोमबार बसेको आकस्मिक पूर्ण बैठकले उक्त कदमलाई स्वेच्छाचारी र गैरकानुनी ठहर गर्दै राज्यका निकायहरूबाट भएको यस्तो व्यवहारप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ।

जबरालाई आइतबार बिहान करिब २ बजे उनकै निवासबाट पक्राउ गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुमा राखेको थियो। नियन्त्रणमा लिएको १० घण्टापछि आइतबार नै उनलाई परिवारको जिम्मामा छोडेको थियो। उनलाई बिनापुर्जी, बिनाजानकारी मध्यरात पक्राउ गरिएपछि सरकारको आलोचना हुनुका साथै विधिको शासनमाथि नै प्रश्न उठेको छ।

यही सन्दर्भमा सर्वोच्चले कडा आपत्ति जनाएको हो। 'कानुनी प्रक्रिया नपुर्‍याई गरिएको कारबाही लोकतन्त्रमा अस्वीकार्य छ,' अदालतका प्रवक्ता एवं सहरजिष्ट्रार अर्जुनप्रसाद कोइरालाले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई लोकतान्त्रिक शासन प्रणालीको आधारभूत स्तम्भका रूपमा स्वीकार गरेको छ। पूर्वप्रधानन्यायाधीश, पूर्वन्यायाधीश तथा बहालवाला न्यायाधीश एवं न्यायिक जनशक्ति स्वतन्त्र न्यायपालिकाको अभिन्न अंग भएकाले उनीहरूप्रति गरिने व्यवहार सदैव संवेदनशील हुनुपर्ने सर्वोच्चको ठहर छ।

विज्ञप्तिमा भनिएको छ, 'प्रत्येक नेपाली नागरिकको वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको संरक्षणका लागि कानुनले तोकेको उचित प्रक्रिया अपनाएरमात्र नियन्त्रणमा लिन सकिन्छ। कानुनी प्रक्रिया पूरा नगरी गरिने यस्ता स्वेच्छाचारी कामकारबाहीलाई लोकतान्त्रिक शासन प्रणालीले स्वीकार गर्न सक्दैन।'

सर्वोच्च अदालतले कुनै पनि पूर्वपदाधिकारीसँग जोडेर न्याय सम्पादनका कामकारबाहीलाई चित्रण वा सम्प्रेषण नगर्न सम्बद्ध सबै पक्षसँग आग्रह गरेको छ। साथै, न्यायपालिकाबाट हुने कुनै पनि न्याय सम्पादनमा बाहय वा आन्तरिक कुनै पनि प्रकारको प्रभावलाई किञ्चित पनि स्थान नदिइने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ।

क्रमशः पृष्ठ २ मा

न्यायाधीश समाजले भन्यो

### सुरक्षाको खतरा देखाएर नियन्त्रणमा लिनु कानुनविपरीत

पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई सुरक्षा खतराको कारण देखाउँदै प्रहरी नियन्त्रणमा लिइएको घटनाप्रति न्यायाधीश समाज, नेपालले गम्भीर ध्यानाकर्षण गराउँदै कडा आपत्ति जनाएको छ। समाजले उक्त कदम अस्वाभाविक, गैरकानुनी र नियतमाथि शंका उत्पन्न गराउने खालको रहेको ठहर गरेको छ।

क्रमशः पृष्ठ २ मा

## कांग्रेस सभापतिमा गगनसँग किशोरसिंहको टक्कर

### महामन्त्रीका आकांक्षी आधा दर्जनभन्दा बढी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनमा सभापति पदमा गगन थापाविरुद्ध किशोरसिंह राठौरले उम्मेदवारी दिने बताएका छन्। विशेष महाधिवेशनबाट सभापति बनेका गगनविरुद्ध देउवा समूह छाडेर आएको राठौरले सभापतिमा उम्मेदवारी दिने बताएका हुन्।

'म सभापतिमा उम्मेदवारी दिन्छु। क्षेत्रीय अधिवेशन सकेपछि उम्मेदवारी घोषणा गर्छु,' नेता राठौरले भने। राठौर १४औं महाधिवेशनमा शेरबहादुर देउवा प्यानलबाट सहमहामन्त्री जितेका नेता हुन्।

देउवा समूह मंसिरमा समानान्तर महाधिवेशनको तयारी गर्दैगर्दा राठौर भने गगनलाई सभापति स्वीकारेर संस्थापन पक्षतिरै खुलेका छन्। सदस्यता अध्यावधिक नगर्ने देउवा समूहको अडानमा असन्तुष्टि जनाउँदै सदस्यता अद्यावधिक गरेर गगनतिर लागेका थिए।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले भने १५औं महाधिवेशनमा गगनको विकल्प नभएको बताएका छन्। 'आउँदो निर्वाचनमा पनि फेरि कांग्रेसको तर्फबाट प्रधानमन्त्रीको क्याण्डिडेट गगन थापा हो। १५औं महाधिवेशन जुट्दै गर्दा गगन थापालाई सभापति बनाएर उच्च मनोबलका साथ अघि बढ्नुपर्छ,' शर्माले भने।

#### महामन्त्रीमा उदयशमशेर र नैनसिंह महरलाई अघि बढाउने गगनको तयारी

असोज १६ गते काठमाडौंका खुल्लामञ्चमा उद्घाटन गर्ने तयारी गरेको महाधिवेशनमा महामन्त्रीको आकांक्षीको ओइरो लागेको छ। दुई महामन्त्रीका लागि हुने निर्वाचनमा आठ जनाले चाहना देखाइसकेका छन्।

केन्द्रीय सदस्य नैनसिंह महर, लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहामन्त्री उदयशमशेर राणा, प्रवक्ता देवराज चालिसे, राष्ट्रिय सभा सदस्य रञ्जित कर्ण र केन्द्रीय सदस्य मधु आचार्यले महामन्त्रीमा उम्मेदवारी दिने तयारी गरेका छन्।




> म सभापतिमा उम्मेदवारी दिन्छु। क्षेत्रीय अधिवेशन सम्पन्न सकेपछि उम्मेदवारी घोषणा गर्छु।
>
> **किशोरसिंह राठौर**
> नेता, नेपाली कांग्रेस

> आउँदो निर्वाचनमा फेरि पनि कांग्रेसको तर्फबाट प्रधानमन्त्रीको क्याण्डिडेट गगन थापा हो। १५औं महाधिवेशनमा जुट्दै गर्दा गगन थापालाई सभापति बनाएर उच्च मनोबलका साथ अघि बढ्नुपर्छ।
>
> **विश्वप्रकाश शर्मा**
> उपसभापति, नेपाली कांग्रेस

महर कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको अध्यक्ष बनेर आफ्नो कार्यकाल र पार्टीले दुई पटक थपेको समयमा पनि महाधिवेशन गर्न नसकेपछि हटाइएका थिए। त्यसपछि १४औं महाधिवशेनमा कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित भएका महर गत पुसमा सम्पन्न विशेष महाधिवेशनको विपक्षमा लागेका थिए। फागुन २१ को निर्वाचनमा महर देउवाको गृह जिल्ला डडेलधुराबाट चुनाव लडेका थिए।

क्रमशः पृष्ठ २ मा

### महाधिवेशन सार्ने तयारी

अविरल वर्षासँगै जनजीवन प्रभावित भएको भन्दै कांग्रेसले महाधिवेशन सार्ने तयारी गरेको छ। असोज ८ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण विभिन्न स्थानमा बाढीपहिरोले गर्दा सडक र पुलहरू भत्केका तथा काठमाडौं आउनका लागि पनि समस्या देखिएको छ। जसकारण महाधिवेशन केही दिन सार्ने तयारी गरेको कांग्रेस प्रवक्ता देवराज चालिसे बताउँछन्।

'प्राकृतिक विपत्तिका कारण महाधिवेशन स्थलसम्म आउने सडक पुलहरू भत्केका छन्। क्षेत्रीय अधिवेशन गर्न कठिनाइ भइरहेको छ त्यसैले केही दिन पर सार्ने कि भन्ने कुराकानी भइरहेको छ,' प्रवक्ता चालिसेले भने। यसबारे आज निर्णय हुनसक्ने चालिसेले बताए।

सन्दर्भः वैदेशिक रोजगार

## 'हाइब्रिड मोडल'मा सञ्चालन गर्ने गरी अभिमुखीकरण तालिमको पाठ्यक्रम परिमार्जन गरिँदै

■ ममता थापा

**काठमाडौं–** पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी)लाई 'हाइब्रिड मोडल' मा सञ्चालन गर्ने गरी पाठ्यक्रम परिमार्जनको काम अघि बढेको छ। वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने उक्त तालिमलाई समयानुकूल बनाउँदै अनलाइन र भौतिक दुवै माध्यमबाट सञ्चालन गर्ने तयारी गरिएको वैदेशिक रोजगार बोर्डले जानकारी दिएको छ।

बोर्डले पिडिओटीका साथै प्रशिक्षकको प्रशिक्षण (टिओटी) र तालिम सञ्चालनका लागि आवश्यक म्यानुअलसमेत पुनः तयार गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ। पाठ्यक्रम परिमार्जनका लागि दुर्गादत्त पनेरु प्रमुख विज्ञ रहने र अन्य चार जना विषयविज्ञ रहनेगरी पाँच सदस्यीय टोली गठन गरिएको बोर्डकी निर्देशक कविता फुयाँलले बताइन्।

निर्देशक फुयाँलका अनुसार उक्त टोलीले चालु आर्थिक वर्ष २०८३/८४ भित्र पिडिओटी, टिओटी र तालिम म्यानुअल तयार गर्नुपर्ने छ। नयाँ पाठ्यक्रममा के-के विषय समावेश गर्ने भन्ने विषयमा सरोकारवालासँग छलफलसमेत सुरु भइसकेको छ।




*प्रतीकात्मक तस्बिर*

विज्ञ टोलीले सोमबार पहिलोपटक सरोकारवालासँग अनलाइन र भौतिक दुवै माध्यमबाट छलफल गरेको जनाइएको छ।

तालिमलाई तत्कालै पूर्णरूपमा अनलाइनमा लैजाने अवस्था नरहेको भन्दै बोर्डले हाइब्रिड मोडल अपनाउने तयारी गरेको छ।

निवर्तमान युवा, श्रम तथा रोजगारमन्त्री दिपककुमार साहले शासकीय सुधारका १०० बुँदे कार्यसूचीअन्तर्गत १०० दिनभित्र पिडिओटीलाई पूर्णरूपमा अनलाइन प्रणालीमा लैजान निर्देशन दिए पनि त्यसबेला बोर्डमा पर्याप्त बजेट नभएर काम अघि बढेको थिएन। साथै, तालिमलाई अहिले नै पूर्णरूपमा डिजिटल बनाउँदा सबै श्रमिकका लागि प्रभावकारी नहुने भन्दै विरोधसमेत भएको थियो।

अहिले भौतिक कक्षामा उपस्थित हुन नसक्ने श्रमिकले अनलाइनबाटै तालिम लिन सक्ने र अनलाइन माध्यम प्रयोग गर्न समस्या हुनेहरू भौतिक कक्षामा उपस्थित हुनेगरी पाठ्यक्रम बनाउन लागिएको जनाइएको छ।

'अहिले नै पूर्ण डिजिटल बनाउन आवश्यक पूर्वाधार र त्यो अनुसारको जनशक्ति पनि तयार छैन,' फुयाँलले भनिन्, 'त्यसैले तत्कालका लागि दुवै मोडल आवश्यक छ। दीर्घकालमा भने पूर्ण अनलाइनमा जाने योजना हो।'

अभिमुखीकरणले रोजगारीमा जाने श्रमिकलाई गन्तव्य मुलुकमा गएर गर्नुपर्ने काम, त्यहाँको नियम, कानुन, परिवेश, संस्कृतिलगायतका जानकारी दिन्छ। पछिल्लो समय वैदेशिक रोजगारीको स्वरूप र श्रम गन्तव्यहरू परिवर्तन भइरहेका बेला वर्षौं अघि बनेको पाठ्यक्रमले श्रमिकलाई आवश्यक जानकारी दिन नसकेको बताइन्छ। प्रभावकारी अभिमुखीकरण नपाउँदा रोजगारीमा गएका श्रमिकहरू विभिन्न समस्यामा पर्दै आएका छन्। यसलाई मध्यनजर गर्दै बोर्डले पाठ्यक्रम परिमार्जन गर्न लागेको हो।

हालको बदलिँदो श्रमबजार, गन्तव्य मुलुकका कानुन, डिजिटल ठगी, प्रविधिको प्रयोग, मानसिक स्वास्थ्यजस्ता विषय पाठ्यक्रममा थप गरिने जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

> अहिले नै पूर्ण डिजिटल बनाउन आवश्यक पूर्वाधार र त्यो अनुसारको जनशक्ति पनि तयार छैन। त्यसैले तत्कालका लागि दुवै मोडल आवश्यक छ। दीर्घकालमा भने पूर्ण अनलाइनमा जाने योजना हो।
>
> **कविता फुयाँल**
> निर्देशक, वैदेशिक रोजगार बोर्ड

## भिसा आवेदनमा देखिएको समस्याबारे संघले गरायो सरोकारवालाको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले राहदानी विभागका महानिर्देशकसँग पिबी सिरियलका राहदानी प्रयोग गर्ने श्रमिकको भिसा आवेदनमा देखिएको समस्या समाधानका लागि पहल गर्न आग्रह गरेको छ।

सोमबार संघका अध्यक्ष डिकबहादुर खत्री नेतृत्वको प्रतिनिधिमण्डलले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकले प्रयोग गर्ने राहदानी र राष्ट्रिय परिचयपत्रको विवरण सम्बन्धित अनलाइन प्रणालीमा नदेखिँदा भिसा तथा श्रम स्वीकृति प्रक्रियामा समस्या देखिएको भन्दै महानिर्देशक दीपक विकसँग भेट गरी ध्यानाकर्षण गराएको हो।

सम्बन्धित मुलुकको अध्यागमन प्रणालीमा त्यस्ता राहदानीको विवरण अनलाइनमा नदेखिँदा भिसा आवेदन अस्वीकृत हुने गरेको संघले जनाएको छ। राहदानी विभागले समस्या समाधानका लागि आवश्यक प्राविधिक पहल गर्ने प्रतिबद्धता जनाएको संघका महासचिव हरिबहादुर डाँगीले बताए।

यस्तै, संघले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक कृष्ण पौडेलसँग पनि भेट गरी २०८२ चैतदेखि जारी राष्ट्रिय परिचयपत्रका नम्बर अनलाइन प्रणालीमा नदेखिएको विषय राखेको छ। यसको प्रत्यक्ष असर वैदेशिक रोजगार विभागको फेम्स प्रणालीमा श्रमिकको बायोमेट्रिक प्रमाणीकरण, अन्तिम श्रम स्वीकृति र अभिमुखीकरण प्रक्रियामा परेको संघले जनाएको छ। राष्ट्रिय परिचयपत्रको भने नयाँ विवरण अनलाइन प्रणालीमा राख्ने काम भइरहेकाले समस्या समाधानका लागि केही समय लाग्ने विभागले जनाएको छ।

यसबीचमा वैकल्पिक माध्यमबाट अभिमुखीकरण तालिम सञ्चालन गर्ने तथा अन्तिम श्रम स्वीकृतिका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वैदेशिक रोजगार विभागलाई पत्राचार गर्ने प्रतिबद्धता महानिर्देशक पौडेलले व्यक्त गरेको महासचिव डाँगीले बताए।

# म्याग्दी पहिरोः मृतकको संख्या सात पुग्यो

**म्याग्दी–** यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछिको पहिरोका कारण म्याग्दीमा ज्यान गुमाउनेको संख्या सात पुगेको छ। विपद्मा परी दुई जना बेपत्ता भएका छन्।

पहिरोको जोखिममा रहेको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वार, गिवाङ, नेपाने, घिरवाङ, धोस्केखोर, किन्दुका १०६ जनालाई उद्धार गरिएको छ। नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएका उनीहरूलाई शिख, घारको अस्थायी शिविर राखिएको छ।

सडक यातायात सम्पर्कबिच्छेद भएकाले अस्थायी शिविरमा बेनीबाट हेलिकप्टरबाटै खाद्यान्न, लत्ताकपडा र बन्दोबस्तीका सामान ढुवानी गरिएको म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले जानकारी दिए।

पहिरोमा बेपत्ता भएकी बेनी नगरपालिका-३ छेपारेकी कुमारी वली विकको खोजी जारी छ। यस्तै, बेपत्ता भएका अन्नपूर्ण-५ का ७५ वर्षीय ओमबहादुर तिलिजाको सोमबार शव फेला परेको सहायक प्रजिअ आचार्यले बताए।

अन्नपूर्ण-३ की शिलकुमारी पाइजा, योगमाया पाइजा, अन्नपूर्ण-८ का सविन गर्बुजा, मालिका गाउँपालिका-३ का चिरन पुन, देवबहादुर पुन र अन्नपूर्ण-५ की जेनी पुर्जाको शव भेटिएको छ। पहिरोबाट म्याग्दी जिल्लाभर २०० घरपरिवार विस्थापित भएको प्रारम्भिक विवरण प्राप्त भएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताए।

पहिरोका कारण अवरुद्ध बनेको बेनी-बागलुङ सडक आंशिकरूपमा सञ्चालनमा आएको छ। बेनी-दरबाङ सडकको बेनी-तातोपानी खण्डमा एकतर्फी यातायात सञ्चालन गर्न मिल्नेगरी मर्मत गरिएको छ। म्याग्दीको रघुगंगा, अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङको कोरला नाका जोड्ने बेनी-जोमसोम-कोरला सडकको बेनीदेखि गलेश्वरसम्म सडक खुलेको छ।

जिल्ला सदरमुकाम बेनीमा सञ्चार र विद्युत् सेवा आंशिकरूपमा सञ्चालन भए पनि ग्रामीण क्षेत्रमा अवरुद्ध छ। सञ्चार र विद्युत् सेवा अवरुद्ध हुँदा विपद्को क्षतिको विवरण संकलनमा समस्या भएको छ। विवरण संकलनका लागि प्रत्येक स्थानीय तहलाई दुई/दुई जना जनशक्ति माग गर्ने निर्णय सोमबारको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले गरेको छ।

म्याग्दी, मुस्ताङ र बागलुङ जिल्ला राष्ट्रिय राजमार्गसँग सर्म्पकबिच्छेद भएकाले इन्धन अभाव हुनसक्ने देखिएकाले मौजुदा पेट्रोलियम पदार्थको व्यवस्थापन गर्न पेट्रोलपम्पलाई प्रशासनले निर्देशन दिएको छ। मौजुदा पेट्रोलियम पदार्थ सुरक्षा निकाय, एम्बुलेन्स, अस्पताल तथा सडक अवरोध खुलाउन प्रयोग गरिने सवारीसाधनलाई उपलब्ध गराइने छ। यस्तै, अन्य सवारीसाधनको हकमा आवश्यकता तथा प्राथमिकताअनुसार उपलब्ध गराउने व्यवस्था मिलाएको प्रशासनले जनाएको छ। *रासस*

पृष्ठ १ बाट क्रमशः

## स्वेच्छाचारी...

यता नेपाल प्रहरीले भने जबरालाई पक्राउ नगरिएको बताउँदै आएको छ। 'सुरक्षा थ्रेट' का कारण उनलाई प्रहरी कार्यालयमा ल्याएर सुरक्षित राखिएको दाबी प्रहरीको छ।

राष्ट्रिय मानवअधिकार आयोगले आइतबार नै विज्ञप्ति जारी गरी अपराध अनुसन्धान कार्यालयमा राखिएका जबरालाई भेट्न नदिएको भन्दै आपत्ति जनाएको थियो। आयोगले सोमबार उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोष खड्कालाई बयानका लागि पत्र लेखेको छ। आइतबर जबरालाई हिरासतमा राखेका बेला भेट गर्न नदिएपछि आयोगले खड्कालाई सोमबार पत्र लेख्दै बयानमा बोलाएको हो।

आयोगका सचिव मुरारी खरेलले मानवअधिकार हनन र संविधान पालनाको कुरा उठेको र आयोगको अनुगमनका लागि सदस्यसहित पुगेको टोलीलाई समेत भेट्न नदिनुको कारण सोध्न पत्र लेखिएको जानकारी दिए।

यो विषय सोमबारको प्रतिनिधिसभा तथा राष्ट्रिय सभा बैठकमा पनि उठेको छ। प्रतिपक्षी दलका सांसदहरूले सरकारको उक्त कदमप्रति कडा आपत्ति जनाए। सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू भने यो विषयमा मौन रहे।

■■■

## सुरक्षाको...

'सुरक्षाको बहानामा अपराध अनुसन्धान कार्यालय लैजानु अस्वाभाविक,' समाजका अध्यक्ष तिलप्रसाद श्रेष्ठले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि पूर्वपदाधिकारीलाई सुरक्षा खतरा रहेमा सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। तर सुरक्षाको खतरा देखाएर जुन ढंगबाट नियन्त्रणमा लिइयो, त्यो तरिका उपयुक्त र प्रचलित कानुनको मान्यताअनुसार छैन।'

सुरक्षा खतरा नै रहेको भए निवासमै थप सुरक्षा बल उपलब्ध गराउन सकिने वा उनले रोजेको स्थानमा सुरक्षाका साथ राख्नुपर्नेमा जबरजस्ती प्रहरी कार्यालय र त्यसमा पनि अपराध अनुसन्धान कार्यालयमा ल्याइनु पूर्णतः युक्तिसंगत नभएको समाजको भनाइ छ।

प्रधानन्यायाधीश राणा राज्यले नै उपलब्ध गराएको सुरक्षा बलसहित आफ्नै निवासमा रहेको अवस्थामा उनलाई कसबाट र कस्तो खालको सुरक्षा खतरा थियो भन्नेबारे राज्यले स्पष्ट पार्न नसकेको विज्ञप्तिमा उल्लेख छ। 'खतरा पुऱ्याउने व्यक्तिहरूमाथि के कस्तो कारबाही गरियो भन्ने जानकारी पनि नदिइएकाले उनलाई नियन्त्रणमा लिनुको पछाडि अरू नै कुनै उद्देश्य त थिएन ? भन्ने आशंका उब्जिएको छ,' विज्ञप्तिमा भनिएको छ।

सुरक्षा खतराको नाममा पूर्वप्रधानन्यायाधीश जस्तो सम्मानित व्यक्तिलाई यसरी रातारात प्रहरी नियन्त्रणमा लिने कार्यले न्याय परिवारका अरूलाई पनि आतंकित तुल्याउने समाजको ठहर छ। समाजले राज्यका सम्बन्धित निकाय र पदाधिकारीहरूलाई सुरक्षा व्यवस्था गर्दा यस्ता तथ्यहरूमा ध्यान पुऱ्याउन हार्दिक अपिल गरेको छ।

■■■

## कांग्रेस...

केही समय अगाडिसम्म पनि कांग्रेसमा तेस्रो धार निर्माण गर्ने भन्दै हिँडेका उनी पछिल्लो समय विशेष महाधिवेशनको केन्द्रीय समितिमा पुगेर महामन्त्री बन्ने योजनामा छन्। सभापति गगनसँग महामन्त्री बनाउने वचनसहित संस्थापनमा समाहित भएको एक केन्द्रीय सदस्यले बताए। 'महरलाई गगनको प्यानलमा महामन्त्री बनाउने सहमति छ, यही सहमतिअनुसार तेस्रो धार निर्माण छाड्नुभएको हो,' ती केन्द्रीय सदस्यले भने।

यता उदयशमशेरलाई पनि गगनले महामन्त्री बनाउने वचन दिएका छन्। विशेष महाधिवेशन गर्न सघाएका शमशेरलाई महामन्त्री दिने तयारी रहेको बताइएको छ। यही तयारीस्वरूप उदयलाई ठूला दलका प्रमुखहरूलाई निम्तो दिने जिम्मेवारीसमेत दिइएको छ। हप्ता दिनअघि उदयले झम्सिखेलमा आफ्नो निवास नजिकैको एक पार्टी प्यालेसमा सञ्चारकर्मीसँग गोप्य छलफल गरी सुझाव सल्लाहसमेत लिएका थिए। तरुण दलका पूर्वअध्यक्ष रहेका सहमहामन्त्री राणाले १४औं महाधिवेशनमा केन्द्रीय सदस्य जितेका थिए। उनी विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका हुन्। ललितपुर क्षेत्र नं. १ बाट दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका राणा अर्थराज्यमन्त्री पनि बनिसकेका छन्। राणा आफैंले भने पार्टीको आवश्यकताअनुसार निर्णय लिने बताएका छन्।

विशेष महाधिवेशनबाट महामन्त्री बनेका प्रदीप पौडेल भने उपसभापति बन्ने तयारी छन्। दुई उपसभापति निर्वाचित हुने कांग्रेसमा एक उपसभापति विश्वप्रकाश शर्मा हुने निश्चित भएको बताइएको छ। शर्मा हाल पनि उपसभापति छन्। पार्टी प्रवक्ता देवराज चालिसेले पनि महामन्त्री वा उपसभापतिमा आफ्नो दाबेदारी प्रस्तुत गरिरहेका छन्। डा. शेखर कोइरालानिकट मानिने चालिसे पछिल्लो समय गगन-विश्वको समूहबाट कर्नरमा परेका छन्।

राष्ट्रिय सभा सदस्य रञ्जित कर्णले पनि महामन्त्रीमा दाबी राखेका छन्। नेविसंघका पूर्वअध्यक्ष संविधानसभा सदस्य भएका कर्ण गत माघमा भएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा विजयी भएका थिए। पेसाले इञ्जिनियर कर्ण नेविसंघमा महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्ने नेतामा पर्छन्।

कांग्रेसमा एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्री निर्वाचित हुने व्यवस्था छ। निर्वाचित केन्द्रीय सदस्यमध्येबाट एक जनालाई सभापतिको प्रस्तावमा कोषाध्यक्ष बनाउने विधानमा उल्लेख छ। विशेष महाधिवेशनपछि बनेको विधानमा तीन सहमहामन्त्री सभापतिको प्रस्तावमा केन्द्रीय समितिले अनुमोदन गर्ने व्यवस्था राखिएको छ।

■■■

## हाइब्रिड...

'वैदेशिक रोजगारीको ट्रेण्ड, गन्तव्य मुलुकको कानुनहरू परिवर्तन भइरहन्छन्।

त्यसैले पाठ्यक्रम परिमार्जन भइरहनुपर्छ,' निर्देशक फुयाँलले भनिन्, 'नयाँ पाठ्यक्रममा सूचना प्रविधिको विषय, डिजिटल ठगी, क्राइम, मानसिक स्वास्थ्य, सामाजिक सुरक्षाका नयाँ स्किमहरू, हाम्रै कल्याणकारी कोषले दिने सेवा सुविधालगायत समावेश गरेर दोहोरिएको कुरा एकीकृत गर्ने भन्ने छ।'

अभिमुखीकरणको पाठ्यक्रम र टिओटी परिमार्जनका लागि बोर्ड तालिम प्रदायक संस्थाहरूले विगतमा प्रगोग गरेको लिखित दस्तावेज, अडियो तथा भिडियो सामग्री संकलन गरिसकेको छ।

### सच्याइएको सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक १५८ असोज १२ गते २०८३ मा प्रकाशित **Omega International Pvt. Ltd.** को विज्ञापनमा Lot No. 340156 को Gold Suspension System Malaysia Sdn. Bhd कम्पनीको **मलेसिया** देश हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail: info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

### बिमालेख हरायो

मिति २०८३/०५/०१ गते काठमाडौँस्थित नक्साल जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : रोहिया महर्जन**
**बिमालेख नं. : ११००७५९९३**
**बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौँ**
**ठेगाना : चौमती, काठमाडौँ**
**सम्पर्क नं. : ९८४१७८३५५५**

### रिजाल ट्राभल एण्ड टुर्स प्रा.लि., प्रा.लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०४/२६ मा दर्ता भएको **प्रा. लि. नं.५५१८२/०६५/०६६** को **रिजाल ट्राभल एण्ड टुर्स प्रा. लि.** लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१२ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एव कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले **३५ दिन** भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर, बिनोद कुमार**
**प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०**


### युएइमा रोजगार

कम्पनी : HOM CONCERTE WORKS SOLE PROPRIETORSHIP L L C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348577 | चलानी नं. ६०२६१७२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 20 | 0 | 1000 | ४१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068


### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६६/०८/०१ मा दर्ता भएको प्रा.लि.नं. ६७७२६ को **ब्ल्याक डाइमन्ड इन्डष्ट्री प्रा.ली** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना

यस कार्यालयमा मिति २०७५।०६।२४ मा दर्ता भएको प्रा.लि.नं. २००९१२ को **लस्पाली स्वरोजगार मल्टिपर्पोज एग्रो फार्म प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### सूचना सच्याइएको सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस सिलीचोङ गाउँपालिकाबाट मिति २०८३/०६/०९ गते प्रभाव दैनिकको पृष्ठ ३ मा प्रकाशित गरेको ठेक्का नं. NCB-SRM-BRIDGE-01-083/84 योजनाको नाम Tiwakhola Motorable Bridge Construction Plan को **Average annual Construction Turnover NRs. 19.572 million** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**सिलीचोङ गाउँपालिका**, ताम्कु

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/१०/२० मा दर्ता भएको **प्रा. लि. नं. ३६०१९६** को **सेली डटकम प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

*मिति २०८३/०६/१३ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०९/११ मा दर्ता कायम भएको **फुड अर्थ प्रा.लि. (प्रा.लि.नं. १०८३९७/०६९/०७०)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/११ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय
## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०६१/०६/०७ मा दर्ता भएको **प्रा. लि. नं. ३०९१४** को **दिनेश आयल इण्डष्टिज्र् प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय
## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०५९/०३/२१ मा दर्ता भएको **प्रा. लि. नं. १९११६** को **दिनेश ट्राभल्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १३ असोज, २०८३

| | |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधारको अवसर मिल्नेछ। |
| वृष | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट सहयोग र सकारात्मक ऊर्जा प्राप्त हुनेछ। |
| मिथुन | नयाँ अवसरले उत्साहित बनाउनेछ। बोलीमा संयम अपनाउँदा सम्बन्ध अझ राम्रो हुनेछ। |
| कर्कट | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। खर्चमा नियन्त्रण राख्नु लाभदायक हुनेछ। |
| सिंह | जिम्मेवारी बढे पनि सफलता हात लाग्नेछ। नयाँ कामको योजना बनाउन अनुकूल दिन। |
| कन्या | काममा प्रगति हुनेछ। साथीभाइ तथा सहकमीबाट आवश्यक सहयोग मिल्नेछ। |
| तुला | आर्थिक लाभको सम्भावना छ। व्यक्तिगत सम्बन्धमा समझदारी बढ्नेछ। |
| वृश्चिक | आत्मविश्वास बढ्नेछ। महत्वपूर्ण निर्णय लिनुअघि पर्याप्त सोचविचार गर्नु राम्रो हुनेछ। |
| धनु | नयाँ कामको सुरुवातका लागि दिन सकारात्मक छ। यात्राबाट लाभ मिल्न सक्छ। |
| मकर | काममा व्यस्तता बढ्नेछ। धैर्य र निरन्तरताले अपेक्षित सफलता दिलाउनेछ। |
| कुम्भ | सिर्जनात्मक काममा सफलता मिल्नेछ। आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोस्। |
| मीन | मनमा रहेका योजना पूरा गर्ने अवसर मिल्नेछ। परिवारसँगको सम्बन्ध सुखद रहनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ असोज, २०८३ (२९ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.०१ | १५३.६१ |
| युरो | १ | १७४.३० | १७४.९८ |
| पाउन्ड स्टिर्लङ | १ | २०२.७८ | २०३.५८ |
| स्विस फ्रैन्क | १ | १८४.६८ | १८५.४१ |
| अस्ट्रेलियन डलर | १ | १०७.४७ | १०७.८९ |
| क्यानाडियन डलर | १ | १०८.१८ | १०८.६१ |
| सिङ्गापुर डलर | १ | ११९.७६ | १२०.२३ |
| जापानी येन | १० | ९.७३ | ९.७७ |
| चिनियाँ युआन | १ | २२.७९ | २२.८८ |
| साउदी अरब रियाल | १ | ४०.७५ | ४०.९१ |
| कतारी रियाल | १ | ४२.०१ | ४२.१८ |
| थाई भाट | १ | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६६ | ४१.८२ |
| मलेसियन रिङ्गेट | १ | ३७.५६ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० | ११.३० | ११.३४ |
| स्विडिस क्रोनर | १ | १५.४३ | १५.४९ |
| डेनिस क्रोनर | १ | २३.३१ | २३.४१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ | ४९७.२७ | ४९९.२२ |
| बहराइन दिनार | १ | ४०५.८९ | ४०७.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।



**श्री आकाश भैरव** | काठमाडौंको इन्द्रचोकमा अवस्थित ऐतिहासिक एवं पुरातात्त्विक श्री आकाश भैरव दर्शन गर्दै सर्वसाधारण । प्रत्येक वर्ष इन्द्र जात्राका अवसरमा सर्वसाधारणको दर्शनका लागि मन्दिरबाट बाहिर राखिने परम्परा छ । *तस्बिरः रासस*

# चाडबाडमा आवागमन सहज बनाउन निर्देशन

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभा, पूर्वाधार विकास समितिले आगामी महान् चाड बडादसैं, दिपावली, छठलगायत चाडपर्वमा यात्रु आवागमनलाई सहज, सुरक्षित, मर्यादित र व्यवस्थित तुल्याउन सरोकार निकायलाई निर्देशन दिएको छ ।

समितिको सोमबारको बैठकमा भएको छलफलपछि प्राप्त सुझाव, सल्लाह र रचनात्मक विचारका आधारमा उक्त निर्देशन दिइएको सभापति आशीष गजुरेलले जानकारी दिए । दसैं, तिहार, छठलगायतका चाडपर्वमा यात्रुको चापअनुसार पर्याप्त सवारीसाधन परिचालन गरी निर्धारित बसपार्कबाट सवारी सञ्चालन, तोकिएको स्थानबाट टिकट बिक्री तथा सुरक्षित स्थानमामात्र यात्रु चढाउने-ओराल्ने व्यवस्था मिलाउन निर्देशन दिइएको उनले बताए ।

अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री सेवा, यात्रु सहायता कक्ष तथा आवश्यक सहजीकरणको व्यवस्था गर्न समितिले सम्बन्धित निकायलाई निर्देशन दिएको छ । चाडपर्वमा हुने यात्राको चापलाई ध्यानमा राखी सडकको अवस्था तथा सम्भावित जोखिमको पूर्वमूल्यांकन, वैकल्पिक मार्गको तयारी, सवारीसाधनको प्राविधिक परीक्षण, चालकको पर्याप्त विश्राम तथा गति नियन्त्रण सुनिश्चित गर्न समितिले सरोकार निकायको ध्यानाकर्षण गराएको छ ।

# संसदीय विशेष समितिको सभापति बुधबार चयन हुने

**काठमाडौं (प्रस)**– हिमालमा जलवायु परिवर्तन तथा भोटेकोशी-त्रिशूली विपद्सम्बन्धी संसदीय विशेष समितिको सभापति आगामी बुधबार चयन गरिने भएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त संसदीय विशेष समितिको सभापति चयनका लागि बुधबार निर्वाचन हुनेगरी तालिका तोकेका हुन् । निर्वाचन बुधबार दिउँसो २:०० बजे हुने छ ।

गत भदौ १० गते रसुवाको भोटेकोशी नदी भएर आएको विनाशकारी बाढी र त्यसले रसुवा, नुवाकोट, धादिङलगायत जिल्ला र आसपासका क्षेत्रमा गरेको मानवीय तथा भौतिक क्षतिको पृष्ठभूमिमा प्रतिनिधिसभाले १५ सदस्यीय उक्त संसदीय विशेष समिति गठन गरेको थियो ।

संसद्ले उक्त समितिको कार्यावधि तीन महिना तय गरेको छ र यसको म्यादपछि थप गर्न सकिने प्रावधान पनि राखिएको छ । भोटेकोशी-त्रिशूली विपद्को कारण, यसको प्रभाव तथा क्षतिको अध्ययन तथा अनुगमन, विपद्को उत्पत्ति, घटनाक्रम, तत्काल कारण र जोखिम तीव्र बनाउने कारकको वैज्ञानिक प्रमाणमा आधारित अध्ययन यसको कार्यक्षेत्र रहेको छ ।

साथै, समितिको कार्यदेशमा हिमालमा जलवायु परिवर्तनको प्रभावको अध्ययन, जलवायु परिवर्तनसँगको सम्भावित सम्बन्ध, सीमापार जलाधारको प्रभाव तथा तल्लो तटीय क्षेत्रमा परेको असरको समीक्षा गर्ने पनि कार्यादेश दिइएको छ । समितिले खोज, उद्धार, राहत तथा पुनःस्थापनाका सम्बन्धमा पनि आवश्यक अनुगमन तथा कार्य गर्ने छ । समितिले विपद् जोखिम न्यूनीकरण तथा पूर्वचेतावनी प्रणालीका सम्बन्धमा अधययन गरेर आवश्यक सुझावहरू प्रस्तुत गर्ने छ ।

# चाडपर्व लक्षित विशेष अभियान सञ्चालन गर्दै ट्राफिक प्रहरी

**काठमाडौं (प्रस)**– चाडपर्वका समयमा यात्रुको सुरक्षा, सवारी दुर्घटना नियन्त्रण तथा यात्रु ठगी रोक्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष अभियान सञ्चालन गर्ने भएको छ ।

चाडपर्व नजिकिएसँगै देशभर यात्रुहरूको आवतजावत बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा सुनिश्चित गर्न विशेष अभियान सञ्चालनको तयारी थालिएको हो । उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार चाडपर्वका समयमा अनधिकृत व्यक्तिबाट टिकट बिक्री, तोकिएभन्दा बढी भाडा असुली, सिट क्षमताभन्दा बढी टिकट बिक्री तथा एउटै सिटका लागि धेरै टिकट बिक्रीजस्ता घटना हुन सक्ने भएकाले त्यसको नियन्त्रणका लागि अभियान सञ्चालन गरिने छ ।

चाडपर्वका बेला तीव्र गति, क्षमताभन्दा बढी यात्रु तथा सामान बोक्ने र सडकमा सवारीसाधनबीच अस्वस्थ प्रतिस्पर्धाका कारण दुर्घटना हुन सक्ने भएकाले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइने प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताए । यात्रुको सुरक्षालाई प्राथमिकतामा राख्दै उपत्यकाका विभिन्न स्थानमा यात्रु सहायताकक्ष स्थापना गरी संयुक्तरूपमा विशेष चेकजाँच तथा अनुगमन गरिने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेन्द्रराज सुवेदीका अनुसार बसपार्क, चाबहिल, कोटेश्वर, चापागाउँ, बल्खु, पुल्चोक, नागढुंगा, कलंकी, भीमढुंगा, साँखुलगायतका मुख्य स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी विशेष अभियान सञ्चालन गरिने छ । अभियानअन्तर्गत सवारीसाधनको यान्त्रिक अवस्था र प्रदूषण जाँच गरिने छ भने लामो दूरीका सवारीसाधनमा अनिवार्य दुई चालक राख्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने भएको छ ।

मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने प्रवृत्ति नियन्त्रण गर्न ब्रेथलाइजर मेसिन प्रयोग गरी जाँच तथा अनुगमनलाई तीव्रता दिइने प्रवक्ता सुवेदीले बताए । दिवा तथा रात्रिकालीन समयमा सडकमा ट्राफिक प्रहरीको थप उपस्थिति गराई नागरिकलाई सुरक्षित यात्राको प्रत्याभूति दिलाउनेगरी अभियान सञ्चालन गरिने छ ।

चाडपर्वका समयमा मठमन्दिरमा दर्शनार्थीको भीड बढ्ने भएकाले ती स्थानमा पार्किङ व्यवस्थापनका लागिसमेत ट्राफिक प्रहरी परिचालन गरिने छ ।


## सच्याइएको सूचना

यस प्रभाव दैनिकको वर्ष १३ अंक १५८ असोज १२ गते २०८३ मा प्रकाशित **ASMITA INTERNATIONAL OVERSEAS P. LTD.** को विज्ञापनमा Lot No. 338237 को **PROFORCE SQUAD SDN BHD** कम्पनी र **मलेसिया** देश हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ ।

Govt. License 771/065/066
**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: 01-4562547
E-mail : asmitainternational2013@gmail.com

## हामीलाई सम्झनुहोस्

**मिलिनियम सोसल म्यारिज ब्युरो एण्ड हाउस किपर कम्युनिकेसन प्रा.लि.**ले

तपाईं आफ्नो घर, कार्यालय वा संस्थाका लागि योग्य तथा आवश्यक कामदारको खोजीमा हुनुहुन्छ ? अथवा आफैं कामको खोजीमा हुनुहुन्छ ?

त्यसैगरी, तपाईं वा तपाईंका आफन्तजन जीवनसाथीका रूपमा उपयुक्त, योग्य र मन मिल्ने बर वा बधूको खोजीमा हुनुहुन्छ भने, आफ्नो आवश्यकता र अपेक्षासहित हामीसँग सम्पर्क गर्नुहोस् ।

**Millennium Social Marriage Bureau**
Sarita Chaulagain
(Manager)

**Contact No. :**
9763389465, 9708904316
Tinkune, Madan Bhandari Marg
Kathmandu
(Near BMW Showroom)

तपाईंको आवश्यकता र चाहनाअनुसार उचित समन्वय र सहजीकरण गर्नु हाम्रो उद्देश्य हो ।


## हिमाल डेन्टल हस्पिटल एण्ड इन्स्टिच्युट अफ डेन्टल साईन्स लिमिटेड

### प्रथम बार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१३ गते**

**श्री शेयरधनी महानुभाव ज्यूहरू,**

मिति २०८३/०६/१२ गतेमा बसेको यस कम्पनीको संचालक समितिको बैंठकको निर्णय अनुसार यस कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न लिखित मिति स्थान र समयमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

**मिति** : २०८३/०७/०३
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल
**समय** : दिउँसो २ बजे

**देहाय :**

(क) **साधारण प्रस्ताव :**

१. संचालक समितिको आ.व. ०८२/०८३ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको आ.ब. ०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.ब. ०८३/०८४ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समितिले आ.व. २०८२/०८३ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. कम्पनीको प्रवन्धपत्र एवं नियमावली बमोजिम संचालक समितिको गठन गर्ने सम्बन्धमा ।
६. कम्पनीको नियमावलीमा संसोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७. विविध ।

(ख) **विशेष प्रस्ताव :**

१. प्रारम्भिक सार्वजनिक निस्काशन (IPO) सम्बन्धमा गर्नु पर्ने कार्यहरु तथा साधारण सभाबाट भएको निर्णय कार्यान्वयनको लागि आवश्यक कुनै थप निर्णय वा कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. पूँजी निष्कासन र प्रत्याभूति गर्ने सम्बन्धमा ।

वार्षिक साधारण सभा सम्बन्धि अन्य कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनि सचिव**


## साउदीमा रोजगार

कम्पनी : Abdullah Faleh Masoud Al Sharari Est. Architectural Contracting

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 324880 | चलानी नं. ६०२३८९२८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७३,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

## युएइमा रोजगार

कम्पनी : BIN LADIN CONTRACTING GROUP

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348529 | चलानी नं. ६०२६१७१७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Telecom Technician | 5 | 5 | 1200 | ५०,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRICAIN (GEN) | 20 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 3 | Building Labour | 30 | 0 | 1000 | ४१,७९८ | | | | | | | |
| 4 | Gen. Plumber | 20 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 5 | Mason (Stone) | 30 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 6 | SCAFFOLDER | 30 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 7 | Carpenter | 30 | 0 | 1500 | ६२,६९८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## युएइमा रोजगार

कम्पनी : CLAIRVOYANT TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348510 | चलानी नं. ६०२६१७२७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER/CLEANING WORKERS | 100 | 0 | 1000 | ४१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Pramod : +977 981-8121112
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## युएइमा रोजगार

कम्पनी : AL RUKN AL THABET TECH CONT

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343858 | चलानी नं. ६०२५७१३५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 13 | 0 | 1600 | ६६,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer Assistant | 9 | 0 | 1600 | ६६,८१८ | | | | | | | |
| 3. | Tile Polisher | 3 | 0 | 1600 | ६६,८१८ | | | | | | | |

कम्पनी : INFINITY SCAFFOLDING - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८१/१०/08 | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 316874 | चलानी नं. ६०२३१४४६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 11 | 0 | 1220 | ५०,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)**
श्रम इजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593,
9801000591, Email: avionhumanrm@gmail.com,, Website: www.gosourceplacementservices.com

## युएइ/मलेसियामा रोजगार

कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348579 | चलानी नं. ६०२६१७२६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 55 | 0 | 1200 | ५०,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guards | 25 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 3 | TILE LAYER | 18 | 0 | 1500 | ६२,६९८ | | | | | | | |

कम्पनी : Black Gold Security Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348514 | चलानी नं. ६०२६१७०८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | male security guards | 104 | 0 | 1700 | ६३,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : RUDIN DAHAL - 9842749866, 9851405196,9802368141 Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

★ तलबः योगयता तथा अनुभवअनुसार Negotiable
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## मलेसियामा रोजगार

कम्पनी : SAM POH RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | पून विज्ञापन स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 343057 | चलानी नं. ६०२५७५४८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1700 | ६३,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!!

शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: COMPASS CATERING SERVICES WLL,QATAR
कम्पनी : कम्पास क्याटरिङ सर्भिसेज डब्लुएलएल,कतार

Pre Approval Date : 2026-08-13 | पूर्व स्वीकृति मिति : २०८३/०४/२८
Pre Approval Date : 2026-09-27 | पूर्व स्वीकृति मिति : २०८३/०६/११
LT. No. 346505 | एल टि न. ३४६५०५
चलानी नं. ६०२५९६३९ | Invoice No. 60259639

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef/cook | 20 | 5 | 1500 | ६३,०५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Office And Facility Cleaner | 72 | 42 | 1000 | ४२,०३३ | | | | | | | |

The final interview will be conducted in the office on 12th, & 13th Oct 2026 .
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : असोज २६ र २७ गते हुनेछ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com| URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कानुनी शासनको उपहास

नेपालको संविधानले प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने अधिकार र कानुनको उचित प्रक्रियालाई मौलिक हकका रूपमा ग्यारेण्टी गरेको छ। राज्यका निकायहरूले गर्ने हरेक कदम कानुनको दायराभित्र, पारदर्शी र न्यायसंगत हुनुपर्छ भन्ने मान्यता नै लोकतान्त्रिक प्रणाली र कानुनी शासनको आधारस्तम्भ हो। तर, हालै पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मध्यराति बिनाकुनै पुर्जी, बिनाजानकारी निवासबाटै नियन्त्रणमा लिई करिब १० घण्टा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा राखिएको घटनाले राज्य सत्ताको स्वेच्छाचारी चरित्रलाई उदांगो पारिदिएको छ। यो कदम केवल एक व्यक्तिमाथिको थिचोमिचोमात्र नभई, समग्र न्यायपालिका र विधिको शासनमाथिको गम्भीर प्रहार हो।

'सुरक्षा थ्रेट'को बहाना बनाएर नेपाल प्रहरीले पूर्वप्रधानन्यायाधीशलाई मध्यराति २ बजे अपराध अनुसन्धान कार्यालय पुर्‍याउनु र त्यहाँ परिवार तथा राष्ट्रिय मानवअधिकार आयोगको टोलीलाई समेत भेट्न नदिनु आफैंमा नियतमाथि प्रश्न उठाउने विषय हो। यदि वास्तवमै कुनै सुरक्षा खतरा थियो भने राज्यको दायित्व उनलाई निवासमै थप सुरक्षा व्यवस्था मिलाउने वा उनको सहमतिमा सुरक्षित स्थानमा सार्ने हुनुपर्थ्यो। सुरक्षा खतराको कारण देखाएर सोझै अपराध अनुसन्धान कार्यालयको हिरासतसरह राखिनु र खतरा पुर्‍याउने पक्षबारे कुनै जानकारी सार्वजनिक नगर्नुले प्रहरीको दाबीलाई पत्याउन सकिने आधार दिँदैन। यस्तो अपारदर्शी र असंवैधानिक व्यवहारले राज्य संयन्त्रको असक्षमता र प्रतिशोधात्मक सोचलाई उजागर गरेको छ।

यस घटनाप्रति सर्वोच्च अदालतको आकस्मिक पूर्ण बैठक र न्यायाधीश समाज, नेपालले जनाएको कडा आपत्ति पूर्णतः जायज छ। सर्वोच्च अदालतले स्पष्टरूपमा भनेको छ कि कानुनी प्रक्रिया नपुर्‍याई गरिएको कारबाही लोकतन्त्रमा स्वीकार्य हुँदैन। न्यायपालिकाका पूर्वप्रमुख तथा बहालवाला सदस्यहरूप्रति गरिने व्यवहार सदैव संवेदनशील र कानुनसम्मत हुनुपर्छ। यदि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशजस्तो सम्मानित र उच्च पदस्थ व्यक्तित्व आफ्नै घरमा सुरक्षित रहन सक्दैनन् र मध्यराति बिनापुर्जी नियन्त्रणमा लिइन्छन् भने भोलि सामान्य नागरिकको वैयक्तिक स्वतन्त्रताको रक्षा कसरी होला ? यस घटनाले आमनागरिकमा पनि राज्यको स्वेच्छाचारिताप्रति गम्भीर भय र त्रास उत्पन्न गराएको छ।

राष्ट्रिय मानवअधिकार आयोगलेसमेत आफ्नो अनुगमन टोलीलाई भेट्न नदिइएकोमा आपत्ति जनाउँदै जिम्मेवार प्रहरी अधिकारीलाई बयानका लागि बोलाउनुले स्थिति कति गम्भीर छ भन्ने पुष्टि गर्छ। मानवअधिकारको संरक्षण र संवैधानिक हकको पालना गराउनुपर्ने प्रहरी प्रशासन आफैं मानवअधिकार हननको भागीदार बन्नु अत्यन्तै दुःखद् र चिन्ताजनक विषय हो। संसद्मा प्रतिपक्षी दलहरूले यस कदमको विरोध गरिरहँदा र सत्तापक्ष मौन बसिरहँदा सरकारको नियतमाथि झनै ठूलो शंका उब्जिएको छ।

लोकतान्त्रिक शासन प्रणालीमा सरकार वा त्यसका निकायहरू कानुनभन्दा माथि हुन सक्दैनन्। मनलाग्दी ढंगले पक्राउ गर्ने, बिनापुर्जी नियन्त्रणमा लिने र 'सुरक्षा' को नाममा व्यक्तिको स्वतन्त्रता हनन गर्ने छुट कसैलाई छैन। कानुनी प्रक्रियाको उल्लंघन गरेर चलाइने शासनले लोकतन्त्रलाई बलियो होइन, निरंकुशतातर्फ धकेल्छ। तसर्थ, कानुनी प्रक्रियाविना कुनै पनि नागरिकलाई पक्राउ वा नियन्त्रणमा लिने कार्य तत्काल रोक्न र विधिको शासनको पूर्णपालना गर्न सरकारलाई सचेत गराइन्छ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# नेपालको पर्यटनका सम्भाव्यता र अवसर



❑ मनोहर कार्की

भरपर्दो सेवाजन्य उद्योगका रूपमा विगतको लामो समयदेखि पर्यटन क्षेत्रले छाप छोड्न सकेको छ। विदेशी मुद्रा आर्जन र रोजगारी सिर्जनाका हिसाबले पर्यटन क्षेत्रको योगदान उल्लेख्य रही आएको छ। सहरदेखि दूरदराजका बस्तीसम्म पर्यटन र पर्यटकीय वातावरण विस्तार हुन सकेमा पर्यटन उद्योगलाई आर्थिक सबलीकरण तथा रोजगारीको भरपर्दो व्यवसायको रूपमा विकास गर्न सकिन्छ। पर्यटन उद्योगलाई प्रमुख उद्योगका रूपमा संस्थागत विकासका लागि सरकारले चालेका नीतिगत कार्यक्रममा थप पृष्ठपोषण र सहकार्यको आवश्यकता छ। जसमा निजी तथा सार्वजनिक क्षेत्रको सक्रियता र सहकार्यले महत्त्व राख्दछ। सरकारले यस वर्षको नीति तथा कार्यक्रममा पनि पर्यटन क्षेत्रलाई महत्त्व दिएर यसको दीर्घकालीन विकासका लागि साझेदारी विकासका अवधारणालाई अघि सारेको छ।

हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण अपार जनधनको क्षति हुनपुग्यो। चौध सयभन्दा बढी जनताको अनाहकमा बाढीका कारण ज्यान गयो। छ हजारभन्दा बढी बेपत्ता छन्। खोजी उद्धार र राहतका प्रयास जारी छ। नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको सयुक्त प्रयास निरन्तर जारी छ। यो विनाशकारी बाढीका कारण पर्यटन क्षेत्रमा अकल्पनीयरूपमा अर्बौंको क्षति पुगेको छ। पर्यटन क्षेत्र थिलथिलो छ। उठन कयौं वर्ष लाग्छ। जेन-जी आन्दोलनका क्रममा संरचनागत क्षतिका कारण पर्यटनक्षेत्र पनि अछूतो रहन सकेनन्। होटल तथा पर्यटकीय आतिथ्यता प्रदान गर्ने दर्जनौं संरचनाको क्षति हुनु दुखद् तथा खेदजनक छ।

सेवाप्रदायक तथा आतिथ्यता प्रदान गर्ने उद्योगलाई शान्ति क्षेत्रका रूपमा स्थापित गरेर नेपालको पर्यटन क्षेत्रमा बेला बेलामा पर्न जाने राजनीतिक तथा हिंसात्मक र उत्तेजक गतिविधिबाट टाढा राख्नु न्यायसंगत रहला। यसमा सबैको इमान्दारिता र नैतिक दायित्व पनि रहन्छ। आशा गरौं भोलिका दिनमा र सबै याममा विदेशी पर्यटकको ओइरो लागिरहोस्।

सरकारको नीति तथा कार्यक्रममा पर्यटनक्षेत्रको बहुआयामिक विकास र परिलक्षित कार्यक्रमलाई दिगो पर्यटन विकासका उद्देश्य निर्धारण गर्ने दिशामा परिणाममुखी हुने अपेक्षा गर्न सकिन्छ। मुख्यतः चारवटा बुँदामा पर्यटनसम्बन्धी सरकारका नीति तथा कार्यक्रम निर्धारण गरिएको छ। पर्यटनसम्बन्धी नीति तथा कार्यक्रममा नेपालको प्राकृतिक, सांस्कृतिक, आर्थिक सबलीकरणसँग जोड्ने। दिगो, पर्यावरण तथा वातावरणमैत्री पर्यटन प्रवर्द्धनलाई नीति कार्यक्रममा प्राथमिकीकरण गरिनु। योजनाबद्ध विकास र समुदाय केन्द्रित पर्यटन विकासका कार्यक्रमलाई अघि बढाउनु जरुरी देखिन्छ। नेपालका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका धरोहरहरूलाई विश्व सम्पदा सूचीमा राख्न पहललाई निरन्तरता दिँदै थप यस्ता धरोहरहरूलाई सूचीकृतका लागि पहलले तदारुकता पाओस्। नेपालको हवाई सेवा तथा नागरिक उड्डयन प्राधिकरणको प्रभावकारी नियमन तथा व्यवस्थापकीय सबलीकरणका लागि समयानुकूल ऐन निर्माण र परिमार्जनमा सरकारले प्राथमिकताका साथ कार्यपद्धतिलाई अवलम्बन गर्ने नीतिगत घोषणा भएअनुसार यसको कार्यान्वयन पक्षलाई तदारुकताका साथ कार्यक्षेत्रमा ल्याउनुपर्ने देखिन्छ।

पर्यटन क्षेत्रको विकासका लागि एकीकृत र सघन रणनीतिक कार्यक्रमलाई सम्बोधन गर्न सकिएको खण्डमा सरकारका घोषित नीति कार्यक्रमले मूर्तता पाउला। यसका लागि पर्यटन, कृषि तथा पर्यावरणीय पक्षका आर्थिक उद्यमशीलता, रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ। साथै, पर्यटनलाई भरपर्दो सेवा उद्योग वा व्यवसायका मान्यता दिने वातावरण हुनुपर्‍यो। स्थानीय कृषि, पशुपालन, वनपैदावर र पर्यापर्यटनलाई रोजगारी र व्यावसायिक वातावरणसँग जोड्ने कार्यकलापले निरन्तरता पाउनु पर्‍यो। ग्रामीण घरबास कार्यक्रम, सांस्कृतिक धार्मिक क्षेत्रका पर्यटकीय गन्तव्यको थप आकर्षक बनाउने दिशामा ध्यान पुग्नुपर्‍यो। यसका साथै नेपालको हवाई क्षेत्रको सुरक्षाको प्रत्याभूतिले अन्तर्राष्ट्रिय मान्यताको प्रत्याभूति पाउने दिशामा सक्दो छिटो टुंग्याउनुपर्‍यो।

पछिल्लो तथ्यांकलाई केलाउने हो भने पनि भारत, अमेरिका, चीन, बंगलादेश, अस्ट्रेलिया तथा जर्मनीबाट क्रमागतरूपमा बढी पर्यटक नेपाल भ्रमणमा आएका छन्। विगतका केही वर्षको पर्यटकीय आगमनको तथ्यांकलाई विश्लेषण गरिएको खण्डमा नेपाल आउने पर्यटकहरूमा चिनियाँ, भारतीय, मलेसिया, सिंगापुर तथा खाडी मुलुकका पर्यटकहरूको आवागमन तथा उनीहरूको सेवा सुविधामा पुर्‍याउन सकिएको पर्यटकीय सेवाले नेपालको पर्यटकीय क्षेत्रको आर्थिक लाभका क्षेत्रमा निकै योगदान दिँदै आएको छ। सन्दर्भमा अबको दिनमा चिनियाँ तथा दक्षिणपूर्वी एसियाली मुलुकका पर्यटकको आकर्षणमा थप ऊर्जा दिने सवालमा सम्बन्धित सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक छ। अबको कार्यगत आवश्यकता भनेको 'सबै समय, सबै याम पर्यटन सेवा' मान्यताका आधारमा पर्यटन प्रवर्द्धन र पर्यटकीय सेवाको कार्यकलापहरू अझ विस्तार गर्न सकिएमा पर्यटन क्षेत्रको आशाका बुँदाहरू सिञ्चन गर्न सकिन्थ्यो कि ?

पर्यटन प्रवर्द्धन र समयानुकूल विकासका सवालमा विभिन्न मुलुकमा भए गरिएका प्रयासलाई उदाहरणीय कार्यका रूपमा लिने बानीको थालनी हामीले कहिले गर्ने ? उदाहरणका रूपमा सन् ८० को दशकमा दुई दशकभन्दा बढी गृहयुद्धको भयावह अवस्थाबाट गुज्रिएको क्याम्बोडियाले पछिल्ला समयमा राजनीतिक स्थिरता, योजनाबद्ध पर्यटन प्रवर्द्धन र विकासका रणनीतिक कार्यक्रमको सफल कार्यान्वयनका कारण पर्यटन क्षेत्रमा आश्चर्यजनक फड्को मारेको छ। प्रतिवर्ष लाखौंको संख्यामा विदेशी पर्यटकले भ्रमण गर्ने तथा ती पर्यटकको कुशलतापूर्वक आतिथ्यता प्रदान गर्न सकेको छ। यसका साथै पर्यटन गन्तव्यका दृष्टिकोणले निकै फड्को मारिसकेका दक्षिणपूर्वी एसियाली मुलुकहरू थाइल्याण्ड, इण्डोनेसिया, मलेसिया तथा सिंगापुरमा पर्यटन विकासले उत्कृटता हासिल गर्न सकेको छ।

छिमेकी चीनको स्वशासित क्षेत्र तिब्बतले विगतका केही वर्षदेखि गुणात्मक र परिणाममुखी पर्यटकीय विकासमा छलाङ मारेको छ। गुणस्तरीय पर्यटकको आतिथ्यता प्रदान गर्ने सवालमा नजिकको सार्क मुलुक भुटानको बजारीकरण र पर्यटकीय चलायमानताका असल अभ्यासबाट नेपालका पर्यटन व्यवसायीले निकै सिक्न सकिन्छ। विशेषतः पर्यापर्यटन, वातावरणीय मैत्री पर्यटन र धार्मिक पर्यटन (बौद्ध धार्मिकक्षेत्र) का आकर्षक पर्यटकीय प्याकेजबाट नेपाली पर्यटनक्षेत्र र व्यवसायीका लागि निकै ग्रहण गर्ने पाटाहरू छन्। जहाँ सरकारी पर्यटन नीतिले पनि निकै सरहानीय कार्य गरेको छ। छिमेकी र आसपासका क्षेत्रका मुलुकले गरेका असल अभ्यासको सिको हामीले पनि गर्ने र हाम्रा मौलिक पर्यटकीय गन्तव्यको बजारीकरण र गुणस्तरीय सेवा दिने दिशामा क्रियाकलाप र भोगाइ एकलव्य दृष्टि हुनुपर्छ।

एकीकृत ग्रामीण पर्यटन विकासका कार्यक्रमलाई समन्वयात्मक ढंगबाट अघि बढाउने दिशामा ठोस पहल गरिनु सान्दर्भिक रहला। ग्रामीण पर्यटन प्रवर्द्धन तथा कृषि उत्पादन र कृषिजन्य उद्यमशीलता विकासका कार्यक्रमहरूलाई साथसाथ अघि बढाऔं। पछिल्लो समयमा घरवास ग्रामीण पर्यटनको विकास र विस्तारले केही संस्थागत पाइला चालेको सन्दर्भमा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि अझ प्रभावकारी पर्यटकमैत्री वातावरण निमार्णका दिशामा पहलकदमी आवश्यक छ। पर्यापर्यटकीय गन्तव्यस्थलमा पर्यटकका सेवा र आतिथ्यतामा स्थानीय ग्रामीण जनताले तत्अनुकूल पर्यटकमैत्री सेवा दिने दिशामा सचेत र इमान्दारिता देखाउँ। साथै, सेवासुविधा र पर्यटकले सन्तोषको आत्मबोध गर्ने वातावरण आधारभूत अधिकार भइसक्यो भन्ने चिन्तनलाई सोचौं र मनन गरौं।

पर्यटकीय गाउँहरूमा स्थानीय जनताकै घरआँगनमा आतिथ्य सत्कारलाई आकर्षक प्याकेजका साथ लिन सकिन्छ। हामीले थालनी पनि निकै पहिले गर्‍यौं। तर सन्तोषजनक परिणाम पाउन सकिएको छैन। सिकौं र अघि बढौं। घरवास पर्यटनका दृष्टिकोणले दक्षिण एसियाकै नमूना लमजुङको घलेगाउँ, स्याङ्जाको सिरुबारी, म्याग्दीको पुनहिललगायत अन्नपूर्ण पदमार्ग सर्किटका विभिन्न बस्तीहरू अनि सगरमाथा बेसक्याम्प तथा लाङटाङ पदयात्रा पर्यटनलगायतका क्षेत्रमा प्रवर्द्धनका आयामलाई अझ फराकिलो गर्न सकिएको खण्डमा राम्रो हुने थियो।

नेपालको पर्यटन क्षेत्रको नवप्रवर्द्धन र पुनरुत्थानका लागि हाम्रो साझा प्रयास हुनुपर्छ। नीतिगत कार्यक्रममा पर्यटकीय विशेषता र मौलिक पहिचानसहितका उत्थानशील कार्यक्रममा जोड दिनुपर्दछ। अर्थतन्त्रको सवल हिस्साको पर्यटन क्षेत्रमा दिगो सोचले जरा गाडेमा उत्साहजनक परिणाम पाउन कुर्नु नपर्ला।






✍ बैकुण्ठ भण्डारी

# हातमै छ चटक, यसमै छ मजा

नेपालमा सरकार परिवर्तन हुनु भनेको अब पुरानो मोबाइलमा नयाँ कभर हाल्नुजस्तै भएको छ। बाहिरबाट हेर्दा कभर चम्किलो, नयाँ, आकर्षक र महँगो देखिन्छ। तर मोबाइलभित्रको ब्याट्री उही, स्पिकर उही, चार्जिङ पोर्ट उही अनि कहिलेकाहीँ त स्क्रिन पनि उही फुटेको।

जनताले पनि कभर हेरेर केही समय त पत्याउँछन्। ओहो ! यसपटक त नयाँ सरकार पो आयो ! सरकारले पनि सामाजिक सञ्जालमा फोटो हाल्छ। बैठक बसेको, फाइल हेरेको, निर्देशन दिएको, निरीक्षण गरेको, हेलिकप्टरबाट हेरेको, सडकबाट हेरेको, भिडियो कल गरेको। ओहो के-के हो के-के। पूरै फिल्मजस्तो।

जनता फेरि सोच्छन्, अबचाहिँ केही होला कि क्या हो ! तर केही दिनपछि पुरानै प्रश्न फर्किन्छ, भएकोचाहिँ के हो ? यही प्रश्न अहिले नेपालको राजनीतिले आफैंलाई सोध्नुपर्ने बेला आएको छ। दुईतिहाइको सरकार छ। युवा पुस्ताको ठूलो अपेक्षा छ। पुराना राजनीतिक शैली बदलिन्छन् भन्ने आशा छ। तर सरकारभित्रै खटपट, आरोप-प्रत्यारोप र शक्ति संघर्षका समाचार आउन थालेपछि जनता फेरि पुरानै तमासा हेर्न बाध्य छन्।

उता चोलेन्द्रलाई पक्राउ गर्ने कुरा चर्चामा आउँछ। यता सरकारभित्रकै राजनीति तात्छ। एकथरी भन्छन्- कानुन सबैका लागि बराबर हुनुपर्छ। अर्काथरी प्रश्न गर्छन्- कानुनी प्रक्रिया के हो ? कसलाई किन पक्राउ गर्ने ? कसको जिम्मेवारी के हो ? जनता भने मोबाइल हातमा लिएर हेर्छन् दंग पर्दछन्।

हिजो आज चोलेन्द्रको समाचार हो कि सरकारको ? अनि अर्को सामाजिक सञ्जालमा भटचाउँछ। सरकारभित्र रडाको !

जनता भन्छन्- ए, त्यो पनि सरकारकै कार्यक्रम रहेछ ! नेपालमा अहिले एउटा नयाँ राजनीतिक सिद्धान्त जन्मिएको जस्तो देखिन्छ, घण्टी सरकारले भ्वाङ पार्ने, त्यही सत्तामा बसेको घण्टीले टिङरिङ पार्ने !

बालेनपक्ष भ्वाङ पार्दै हिँड्ने, रविपक्ष टाल्दै हिँड्ने भन्ने राजनीतिक व्यंग्य पनि सामाजिक सञ्जालमा सुन्न र हेर्न सकिन्छ। तर प्रश्न यहाँ बालेन वा रविकोमात्र होइन। प्रश्न के हो भने देश चलाउने काम यदि भ्वाङ पार्ने र टाल्ने प्रतियोगिता बन्यो भने सडक, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि र अर्थतन्त्र कहिले बनाउने ?

एकले भ्वाङ पार्छ। अर्कोले टाल्छ। फेरि अर्कोले टालिएको ठाउँ खोतल्छ। फेरि पहिलोले भन्छ- मैले त भ्वाङ पारेकै होइन, पहिलेदेखि थियो।

जनता भन्छन्- हामीले त सडक मागेका थियौं, तपाईंहरूले बहसको खाल्डो खन्नुभएछ ! हैट, बुझेर पनि बुझिसाध्य छैन।

सञ्जालको जवाना छ। सरकारका मन्त्रीहरू सामाजिक सञ्जालमा निकै सक्रिय छन्। एआईको जमाना छ। फोटो मिलाउन सकिन्छ। भाषण छोटयाउन सकिन्छ। भिडियो बनाउन सकिन्छ। कामको रिपोर्टलाई आकर्षक बनाउन सकिन्छ। पाँच मिनेटको कामलाई १५ मिनेटको भिडियो बनाउन सकिन्छ। अब त सरकारका काम हेर्न कार्यालय जानै पर्दैन। फेसबुक खोल्यो, सरकार काममै काम गरिरहेको देखिन्छ।

मन्त्रीज्यू निरीक्षणमा। मन्त्रीज्यू बैठकमा। मन्त्रीज्यू निर्देशनमा। मन्त्रीज्यू अनुगमनमा। मन्त्रीज्यू डिजिटल। मन्त्रीज्यू एआईमा। मन्त्रीज्यू लाइभमा। जे होस् लाइक, कमेण्ट राम्रै छ। भ्युज पनि राम्रै आको छ। कसैको केही गर्नै पर्दैन डलर पनि फुत्तफुत्त एक-दुई सेण्ट झरेकै छ।

तर बोली र काम फरक। युवाको हातमा रोजगारी कहिले पुग्यो ? अस्पतालमा औषधि कहिले पुग्यो ? बाढीपीडितसम्म राहत कहिले पुग्यो ? त्योचाहिँ एआईले पनि देखाउन सक्दैन। किनभने एआईले चित्र बनाउन सक्छ, वास्तविकता बनाउन सक्दैन। किनकि, त्यो पनि विवादित नै छ।

त्यही भएर पनि होला सरकारका निर्णयहरू किन विवादित भइरहेका छन् भन्ने प्रश्नले ठाउँ पाको छ। निर्णय गर्नु सरकारको अधिकार हो। तर लोकतन्त्रमा अधिकारसँगै उत्तरदायित्व पनि आउँछ।

हामीले निर्णय गर्‍यौं, त्यसैले ठीक। यस्तो शैली लोकतान्त्रिक शासन होइन। लोकतन्त्रमा अर्को प्रश्न पनि सुन्नुपर्छ।

जनता सोध्छन, किन ?

सरकार भन्छ, हाम्रो नीतिअनुसार हामीले निर्णय गरिसक्यौं। सकियो।

सरकार फेरि सामाजिक सञ्जालमा अर्को भिडियो हाल्छ। ऐतिहासिक उपलब्धि ! कमेण्ट बक्समा आउँछ। सरकारले मेरो मुटु चुँडेर लग्यो। वाऽहा सरकार वा अघि बढ। वाऽ भन्नेलाई के थाहा ऐतिहासिक उपलब्धि कहाँ भयो ? सम्भवतः सामाजिक सञ्जालमा।

जे होस्, क्लबकै रूपमा भए पनि राज्यसत्ता चलेकै छ। सरकार भएको अनुभूति भएकै छ। फलानो प्रधानमन्त्री, फलानो गृहमन्त्री वा फलानो यो त्यो मन्त्री भन्न पाएकै छ त। अब के चाहियो। क्लब हो कि बार ! क्लबमा अध्यक्षले आज कार्यक्रम हुन्छ। भनेपछि हुन्छ।

सदस्य बोल्छ, हुन्छ। कोषाध्यक्षले भन्यो, बजेट छैन। अध्यक्षले भन्यो व्यवस्था गरौंला। सचिवले भन्यो सूचना निकालौं ? अध्यक्षले भन्यो, फेसबुकमा हालेपछि सबै पुग्छ।

नेपालको सरकार पनि कतै त्यस्तै त भएको छैन ? जनताको प्रश्न भित्रभित्र मनमा मडारिएको छ। पहिला घोषणा। पछि तयारी। त्यसपछि विवाद। फेरि स्पष्टीकरण। अनि छानबिन। अन्त्यमा समिति। समितिले प्रतिवेदन दिन्छ। प्रतिवेदनमाथि अर्को समिति बन्छ।

अनि जनता सोध्छन्, कामचाहिँ कहिले ?

उत्तर आउँछ, छिट्टै।

प्रजातन्त्र आएको ३७ वर्ष पुग्न लाग्यो। गणतन्त्र आएको दुई दशक पुग्न लाग्यो। व्यवस्था बदलियो। संविधान बदलियो। सरकार बदलियो। दल बदलियो। नेताको अनुहार बदलियो। मन्त्रालयका नाम बदलियो। तर एउटा कुराचाहिँ खासै बदलिन सकेन। त्यो भनेको जनताको जीवन।

हामीले सधैं भन्यौं, अब नयाँ युग सुरु हुन्छ। नयाँ युग आयो पनि। तर नयाँ युगले पुरानो फाइल बोकेर आयो। पुरानो प्रशासन बोकेर आयो। पुरानो भ्रष्टाचारको डर बोकेर आयो। पुरानो ठेक्का प्रणाली बोकेर आयो। पुरानो राजनीतिक संस्कार बोकेर आयो। अनि हामीले त्यसलाई भन्यौं, परिवर्तन।

जनयुद्धले देशलाई २० वर्ष, जेनजी विद्रोहको आगोले अर्को १५ वर्ष अनि अहिलेको बाढी पहिलोले अर्को १० वर्ष धकेलियो देश।

विश्वका अरू देशहरू कहाँबाट कहाँ पुगिसके। हामी भने अझै विमानस्थलको लाइन, पासपोर्टको लाइन, सरकारी कार्यालयको लाइन, ग्याँसको लाइन पेट्रोलको लाइन, उपचार गराउनका लागि जहाँ गयौं त्यही लाइन। क्या मज्जा !

युवाहरू देश छोडिरहेका छन्। पहिले पनि छाड्ने अहिले पनि छाडेकै छन्। सरकार भने युवाहरू फर्किने कार्यक्रम बनाइरहेको छ।

देशमै सम्भावना छ। तर कहाँ छ ? सरकारले भन्छ- तिम्रो मोबाइलमा चल्ने सामाजिक सञ्जालमा छ। त्यही भएर अहिले सरकारको नाम नै घण्टे सरकार राखिदिएका रैछन् बैरीहरूले। यत्रो दुईतिहाइको सरकारलाई घण्टे सरकार रे ! प्रधानन्यायाधीशलाई समेत मध्यरातमा उठाउन सक्ने सरकार हो यो। उता भेनेजुएलाका राष्ट्रपति मादुरोलाई उठायो। यता चोलेन्द्रलाई चप्कायो। राति त राति नै हो नि ! रातदिन नभनीकन सरकारका कण्टेन्ट क्रियटरहरू लागिरहेका छन्। बाढीपहिरोले घर बगाउँदा समेत तररररर्ऽररर्ऽ ताली पिट्छन्। सरकारले यदि साँच्चिकै नयाँ बाटो नसमातेको भए। यसरी तुरुन्ता तुरुन्तै जनताले कसरी थाहा पाउँथे ?

हामी पनि त उही पुरानैका छोराछोरी त हौं नि। नपत्याए पाएका नियुक्ति हेर न। पहिला दाइभाउजुको रजाइँ हुन्थ्यो, अहिले भाइबहिनीहरूकै रजाइँ छ त !

प्रजातन्त्रको ३७ वर्ष, गणतन्त्रको २० वर्ष भएर त केही भएन अब हामी जाबो एकै वर्षका के नाप्छौं र हो ? जनताले नेता चिनेको छैन, नेताले जनता चिनेको छैन। पहिले पहिले रत्नपार्कका चटक देखाउँथे अहिले हातैकै मोबाइलमा देखाइदिएकै छ त अब के चाहियो ? जे हेरे पनि रमाइलै मान्ने त हो। एआई होस् कि बिआईले बनाको होस्। बाढीपीडितका लागि होस् कि म्यानपावर पीडितका लागि होस्। भ्रष्टाचारीलाई होस् कि घुसखोरीलाई होस्। सबैलाई पच्ने सबैजना बच्ने उही त हो ! पशुपतिनाथले सबैको कल्याण गरुन्। जय नेपाल !



**बाढीप्रभावित क्षेत्रमा राहत सामग्री लगिँदै** | बाढीप्रभावित क्षेत्र बागलुङको निसीखोला गाउँपालिका-४ झिवाखोलामा हेलिकप्टरमार्फत राहत सामग्री पठाइँदै । निसीखोलामा आइतबार पहिरो र बाढीका कारण पाँच जनाको मृत्यु भएको छ भने १५ घरभन्दा बढीमा क्षति पुऱ्याएको छ । *तस्बिर: रासस*

# हिमलुङ हिमपहिरोमा परी गोरखाका दुई जना बेपत्ता

**गोरखा–** मनाङको नार्पाभूमिस्थित हिमलुङ हिमपहिरोमा परेर गोरखाका दुई जना बेपत्ता भएका छन् । हिमलुङ आधार शिविरमा क्याम्प निर्माण गर्ने क्रममा हिमपहिरो आएपछि जिल्लाको धार्चे गाउँपालिका-२ केरौंजाका दुई जना बेपत्ता भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजुकुमार श्रेष्ठले जानकारी दिए ।

धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले पर्वतारोहीको सहयोगीका रूपमा हिमलुङ आधार शिविर पुगेका धार्चे-२ केरौंजाका वीरेन्द्र गुरुङ र आशबहादुर गुरुङ शनिबारदेखि सम्पर्कविहीन रहेका जानकारी दिए । आइतबार बिहान हिमलुङ आधार शिविरको हिमपहिरोमा बेपत्ता भएका दुवै जनाको खोजी कार्यलाई तीव्रता दिन परिवार तथा आफन्तहरूले आग्रह गरेका छन् ।


करिब ३२ वर्षका वीरेन्द्र हिमालयन होलिडेज कम्पनीका बेसक्याप सहयोगीका रूपमा र ४५ वर्षका आशबहादुर इम्याजिन नेपाल एक्पिडिसन प्रालिबाट गाइड तथा कुकम्यानको कामका लागि त्यसतर्फ गएका थिए । 'आशबहादुर र वीरेन्द्रको घरमा अहिले रुवावासी छ,' पीडित परिवारका अर्जुन गुरुङले भने, 'वीरेन्द्रको बुवा, श्रीमती र दुई छोरा छन् । आशबहादुरको श्रीमती र छोराछोरी काठमाडौंमा छन् । घरमा बूढी आमा छन् ।'

दुवै जनासँगै हिमलुङ आधार शिविरको हिमपहिरोमा १६ जना बेपत्ता भएका प्रहरी नायब उपरीक्षक क्षेष्ठले जानकारी दिए । उनका अनुसार बेपत्तामध्ये दुई जनाको शव फेला परेर सनाखत भइसकेको छ । तर उनीहरूको अहिलेसम्म अत्तोपत्तो छैन ।

समुद्री सतहबाट चार हजार ८७५ मिटर अग्लो आधार शिविरमा हराएकाहरूको खोजी कार्यका लागि नेपाल राष्ट्रिय पथप्रदर्शक संघ र पर्वतारोहण सञ्चालक संघबाट १४ जनाको उद्धार टोली खटिएका छन् । घटनाका बेला भागेर ज्यान बचाएका १४ जनाको टोली फूबाट आधार शिविरतर्फ गएका पर्वतारोहण पथप्रदर्शक संघका अध्यक्ष तुल्सिङ गुरुङले जानकारी दिए । *रासस*

# बनेपामा मनाइयो जालुद्यो जात्रा

**बनेपा (काभ्रे)–** काभ्रेपलाञ्चोकको बनेपामा मौलिक सांस्कृतिक पर्व जालुद्यो जात्रा समापन गरिएको छ । नेवार समुदायको परम्परा र संस्कृतिसँग जोडिएको जालुद्यो जात्रा परम्परागत विधिअनुसार भातबाट देवताको स्वरूप तयार गरी पूजा गरेर मनाउने गरिन्छ ।



बनेपा नगरपालिका-५ स्वधा टोलस्थित दक्षिणकाली मन्दिरमा नित्य पूजा तथा हाँसको बलिसहित पूजा गरी सुरु भएको जात्रा असोज ११ गते साँझ जालुद्योलाई रथमा राखेर विभिन्न टोल तथा चोक परिक्रमा गराएपछि सम्पन्न भएको हो ।

जात्रामा स्थानीयवासी तथा श्रद्धालुको उल्लेख्य सहभागिता रहेको बनेपा नगरपालिका-८ का वडाध्यक्ष शुभलक्ष्मी मानन्धरले बताए । उनका अनुसार परिक्रमा सम्पन्न भएपछि खट जात्रा गरी जालुद्योलाई पुण्यमाता खोलामा लगेर विधिपूर्वक विसर्जन गरिएको थियो ।

बनेपाको मौलिक सांस्कृतिक पहिचानसँग जोडिएको जालुद्यो जात्रा पुस्तौंदेखि स्थानीय समुदायले निरन्तरता दिँदै आएको पर्व हो । जात्राले स्थानीय संस्कार, संस्कृति तथा परम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउन योगदान गर्दै आएको मानन्धरले बताए ।

मानन्धरका अनुसार जालुद्यो जात्रासँग एक्लो छोरा भएका परिवारको पुरानो धार्मिक विश्वाससमेत जोडिएको छ । 'स्थानीय जनविश्वासअनुसार पहिले राक्षसले एक्लो छोरा भएका परिवारका छोरालाई पालैपालो आफ्नो आहार बनाउने गर्दथ्यो । त्यसबाट जोगाउन दक्षिणकाली माता जालुद्यो बनेर राक्षसमाथि विजय प्राप्त गरेको विश्वास रहिआएको छ,' उनले भने ।

संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज र थितिले सम्पन्न नेवार बस्ती बनेपामा विभिन्न मौलिक परम्परालाई स्थानीयले निरन्तरता दिँदै आएका छन् । नेवार बस्तीमा माथिल्लो टोल र तल्लो टोलको परम्परागत विभाजनसमेत रहेको पाइन्छ ।

जालुद्यो जात्राको विसर्जन गर्ने दिन बनेपाको तल्लो टोलमा बसोबास गर्ने स्थानीयवासीले 'धौ मारी' खाने परम्परालाई निरन्तरता दिँदै आएका छन् । स्थानीय किम्बदन्तीअनुसार जालुद्योको नाममा एक छाक खाना छाडेको सम्झनास्वरूप धौ मारी खाने चलन रहेको स्थानीय नेता पोटेले बताए । *रासस*

# लालपुर्जा हातमा, जमिन बलानमा

■ **राजु विश्वकर्मा**

**जनकपुरधाम–** सप्तरीको बलानबिहुल गाउँपालिका-४ का रामविलास यादवको हातमा एक बिघा जमिनको लालपुर्जा छ । कागजमा उनी अहिले पनि एक बिघा जमिनको धनी छन् तर त्यो जमिन कहाँ छ भनेर देखाउन उनीसँग अब कुनै ठाउँ नै छैन । वर्षौंदेखि अन्न उब्जाउँदै आएको खेत अहिले बलान नदीको भेलमा हराएको छ ।

यादवका लागि लालपुर्जा अहिले सम्पत्तिको प्रमाणभन्दा बढी विगतको सम्झना बनेको छ । गत भदौ महिनामा स्थानीय बलान नदीमा आएको बाढीले उनको नदी किनारमा रहेको खेतीयोग्य जमिन कटान गरेपछि परिवारको जीविकोपार्जनको आधार नै खोसिएको बताउँछन् । 'बाढी आएपछि हेर्न पुग्दा तीन-चार कट्ठा जमिन बाढीले लगिसकेको थियो, हेर्दाहेर्दै थप जमिन पनि बगायो,' उनी भन्छन्, 'जमिन जोगाउने कुनै प्रयास गर्न सकिएन, सबै जमिन बाढीले स्वाहा बनायो ।'

उनको परिवारले पुस्तौंदेखि त्यही जमिनमा अन्न उब्जाउँदै आएको थियो । धान, गहुँ र अन्य बालीले घरको चुलो बल्थ्यो । खेतमा बाली हुर्कंदा परिवारको भविष्य सुरक्षित भएको महसुस हुन्थ्यो । तर, बलान नदीले खेतको डिल काट्दै जाँदा अहिले त्यही भविष्य पनि अनिश्चित बनेको छ । 'अब कसरी परिवारको गुजारा चलाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ,' यादवले भन्छन्, 'परिवारको गुजारा चलाउने एउटा मात्र आधार थियो, खेतीपाती गर्ने, त्यो पनि बगरमा परिणत भएपछि सुकुमबासी बन्ने चिन्ता बढेको छ ।' एकातिर नदीको बहाव बढ्दै गएको छ भने अर्कोतिर किसानको खेत घट्दै गएको छ ।



*तस्बिर: रासस*

'बलान नदीले हामीलाई सुकुमबासी बनाइदियो,' स्थानीय मो. नाजिर भन्छन्, 'हाम्रो लागि खेत केवल जमिन होइन, त्यो परिवारको रोजगारी, खाद्यान्नको स्रोत, सामाजिक प्रतिष्ठा र भविष्यको आधार हो ।' जब खेत नदीमा मिसिन्छ, त्यससँगै किसानको आम्दानी, आत्मनिर्भरता र सामाजिक हैसियतसमेत प्रभावित हुन्छ । स्थानीय मो. हन्सु मियाँको परिवार कुनै समय गाउँकै सम्पन्न परिवारका रूपमा चिनिन्थ्यो । परिवारसँग करिब ८० बिघाको एउटै प्लट जमिन थियो । त्यही जमिनमा खेती हुन्थ्यो । उत्पादनले परिवारको जीवन सहजरूपमा चल्थ्यो । आज त्यही ८० बिघा जमिनको ठूलो हिस्सा बलान नदीमा परिणत भएको मो. हन्सु मियाँ बताउँछन् ।

बलान बिहुल गाउँपालिका-४ का पूर्ववडाध्यक्षसमेत रहेका हन्सु मियाँका अनुसार नदी कटानका कारण परिवारको पुस्तौंदेखिको सम्पत्ति क्रमशः हराउँदै गएको हो । 'हाम्रो सबै जग्गा नै बाढीले कटान गरी नदीमा परिणत गरिसकेको छ, अहिले हामी सुकुमबासी बन्ने अवस्थामा पुगेका छौं,' उनी भन्छन्, '८० बिघा जमिनको मालिक परिवार अहिले आफ्नो जमिन जोगाउन नसक्ने अवस्थामा पुगेका छौं, जमिनको लालपुर्जा र वास्तविक भूगोलबीचको सम्बन्ध कमजोर हुँदै गएको छ ।'

रामविलास, नाजिर र हन्सुको कथा केबल परिवारकोमात्र होइन । बलान नदी किनारमा बस्ने किसानका लागि यो साझा पीडा बन्दै गएको छ । सो ठाउँका धेरै किसानको कथा उस्तै छ । कुनै समय हरियालीले ढाकिएका खेत अहिले बलान नदीको धारमा परिणत भएका छन् ।

स्थानीय गौरी यादवका अनुसार करिब एक दशकअघिसम्म पश्चिमबाट बग्ने बलान नदी पछिल्ला वर्षहरूमा विस्तारै धार परिवर्तन गर्दै पूर्वतर्फ मोडिएको हो । सुरुमा नदीले केही कट्ठा जमिन काट्यो । त्यसपछि कटानको दायरा बढ्दै गयो । वर्षायाममा आएको ठूलो बाढीले कटानलाई झन् तीव्र बनाउँदै गएको यादवको भनाइ छ । 'केही वर्षअघिसम्म यस क्षेत्रमा धान र गहुँका बाला झुल्थे, किसान बिहान खेत पुग्थे, बाली हेर्थे, सिँचाइ गर्थे । मौसमअनुसार खेती गर्थे र उत्पादनबाट परिवारको गुजारा चलाउँथे,' यादव भन्छन्, 'अहिले त्यही ठाउँमा नदी बग्छ, खेती गर्ने जमिन बगरमा परिणत भइसकेको छ ।'

बलान नदीले धार परिवर्तन गरेपछि खेतीयोग्य जमिनमा कटानसँगै नदीको धार गाउँतर्फ सर्दै जाँदा बस्तीसमेत जोखिममा परेको छ । स्थानीय रामशंकर भण्डारीका अनुसार गत वर्ष आएको बाढीपछि नदीले ठूलो क्षेत्र कटान गरेको थियो । सडकको पश्चिम भागमा रहेको बस्तीलाई सडकको पूर्वतर्फ सारिएको थियो तर नदीको धार फेरि गाउँतर्फै मोडिएपछि विस्थापनको जोखिम कायम छ ।

धार परिवर्तन गर्नुअघि यहाँ घना बस्ती थियो, धार परिवर्तन भएपछि बस्तीलाई करिब १०० मिटर पर सारिएको थियो तर पनि अहिले स्थानीयहरू पूर्णरूपमा सुरक्षित महसुस गर्न सकिएको छैनन् । 'यसले एउटा गम्भीर प्रश्न उठाएको छ, बाढीबाट बच्न मानिसले बस्ती सार्ने कि नदी नियन्त्रण गरेर नदीलाई आफ्नो प्राकृतिक धारमा फर्काउने ?,' भण्डारी भन्छन्, 'नदी किनारका किसानका लागि बाढी हरेक वर्ष दोहोरिने त्रास हो, पहिले बाढी आउँदा किसानको पहिलो चिन्ता बाली जोगाउने हुन्थ्यो । अहिले बाढी आउँदा घर, परिवार र बालबालिका जोगाउने चिन्ता सुरु हुन्छ ।'

पूर्ववडाअध्यक्ष मो. हन्सुका अनुसार नदीको कटान रोक्ने स्थायी उपाय नहुँदा किसान निरीह बनेका छन् । 'अहिले पनि डुबान र कटानबाट खेत जोगाउन हामीसँग कुनै उपाय छैन । प्रशासनदेखि नेतासम्मलाई गुहार्दा पनि रोकथाम र नियन्त्रणको काम हुन नसक्दा वर्षैपिच्छे यहाँको खेत नदीले निल्दै छ,' उनले भने । उनका अनुसार पछिल्लो बाढीलेमात्रै करिब ३०० बिघा खेतीयोग्य जमिन कटान गरेको अनुमान छ । यो तथ्यांक आधिकारिकरूपमा पुष्टि हुन बाँकी भए पनि नदी कटानको भयावहता बुझ्न पर्याप्त रहेको स्थानीयहरू बताउँछन् ।

बलान नदीको कटान रोक्न जलस्रोत तथा सिँचाइ कार्यालय सप्तरीले उपभोक्ता समितिमार्फत गत आर्थिक वर्ष २०८०/८१ मा तटबन्ध निर्माण गरेको थियो । तटबन्ध बनेपछि स्थानीयले केही राहत महसुस गरेका थिए तर दुई वर्षअघि आएको बाढीले तटबन्ध भत्काइदिएपछि समस्या ज्यूँका त्यूँ छन् । त्यसपछि पुनः तटबन्ध निर्माण हुन सकेको छैन । तटबन्ध भत्किएपछि नदीले कमजोर किनार खोज्दै कटान गर्न थालेको स्थानीय मो. गुलाबको भनाइ छ ।

स्थायी र वैज्ञानिक नदी नियन्त्रणको अभावमा हरेक वर्ष ठूलो धनराशि खर्च गरेर अस्थायी संरचना बनाउने र बाढी आएपछि पुनः भत्किने अवस्था दोहोरिँदै आएको स्थानीयको कथन छ । पूर्ववडाध्यक्ष मो. हन्सुका अनुसार स्थानीयको माग अब अस्थायी समाधान होइन । दीर्घकालीन नदी व्यवस्थापन, बलियो तटबन्ध, कटान नियन्त्रण र जोखिम क्षेत्रको वैज्ञानिक अध्ययन चाहन्छन् ।

बलान नदीको समस्या केवल नदी किनारमा सीमित छैन । यसको सम्बन्ध माथिल्लो भूभाग अर्थात् चुरे क्षेत्रसँग पनि जोडिएको स्थानीयको बुझाइ छ । नदी नियन्त्रणको क्षेत्रमा लामो अनुभव भएका अवकाश प्राप्त इन्जिनियर विश्वनाथ यादवका अनुसार चुरे क्षेत्रमा हुने अनियन्त्रित ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा विभिन्न स्थानमा सञ्चालित क्रसर उद्योगका कारण नदीको प्राकृतिक प्रणाली प्रभावित भएको छ ।

चुरे क्षेत्र कमजोर हुँदा वर्षाको पानी तीव्र गतिमा तल्लो क्षेत्रमा आउने, नदीमा एकैपटक ठूलो बहाव बढ्ने र त्यसले कटानको जोखिम बढाउने उनका अनुभव छ । चुरे संरक्षण र नदी नियन्त्रणलाई अलग-अलग विषयका रूपमा हेर्नुभन्दा एकीकृतरूपमा सम्बोधन गर्नुपर्ने उनको भनाइ छ । 'बलान नदीलाई पूर्णरूपमा रोक्न सम्भव नहुन सक्छ । तर नदीको धार व्यवस्थापन गर्न सकिन्छ,' ई. यादव भन्छन्, 'जोखिम क्षेत्र पहिचान गर्न सकिन्छ, वैज्ञानिक तटबन्ध निर्माण गर्न सकिन्छ ।' चुरे संरक्षणको संरक्षण, नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रण र बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकिए क्षति न्यूनीकरण गर्न सकिने उनको सुझाव छ ।

खेतीयोग्य जमिन हराउँदै जाँदा यसको असर उत्पादनमामात्र परेको छैन । किसानको पहिचानमैसमेत असर पर्न थालेको छ । जमिन भएका किसान विस्तारै भूमिहीन बन्दै छन् । भूमिहीन भएपछि रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता बढ्छ । त्यसले परिवारको सामाजिक संरचना र स्थानीय अर्थतन्त्रमासमेत असर पार्न सक्ने स्थानीयको चिन्ता छ । यही कारण बलान नदी किनारका किसानका लागि नदी नियन्त्रण केवल विकास निर्माणको विषय होइन । यो उनीहरूको अस्तित्व, जीविकोपार्जन र भविष्यसँग जोडिएको विषय हो ।

'बलान नदी अहिले पनि बगिरहेको छ,' बलान बिहुलका स्थानीय रामनारायण पण्डित भन्छन्, 'नदीमा पानी मात्र बगिरहेको छैन, पानीसँगै किसानको खेत, सपना र पुस्तौंदेखिको सम्पत्तिको कथा पनि बगिरहेको छ ।'

समयमै नदी व्यवस्थापन र जोखिम न्यूनीकरणका ठोस कार्यक्रम अघि नबढाए आज खेत बगिरहेको ठाउँमा भोलि बस्ती बग्ने अवस्था नआउला भन्न नसकिने उनको भनाइ छ । त्यसैले समयमै यसतर्फ सरकारको ध्यान पुग्नुपर्नेमा पण्डितले जोड दिए । *रासस*

# प्रभाव दैनिक

मंगलबार, १३ असोज २०८३ (Tuesday, 29 September 2026)





## 'मिस्टर ग्लोबल २०२६'मा भाग लिन थाइल्याण्ड उडे गिरिशरत्न

'मिस्टर ग्लोबल नेपाल' गिरिशरत्न शाक्य थाइल्याण्ड उडेका छन् । अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस्टर ग्लोबल २०२६'मा नेपालको प्रतिनिधित्व गर्न 'मिस्टर ग्लोबल नेपाल' गिरिशरत्न शाक्य सोमबार नेपाल एयरलाइन्सको विमानमार्फत थाइल्यान्ड प्रस्थान गरेका हुन् । विश्वका करिब ४० देशका प्रतिस्पर्धीहरूको सहभागिता रहने प्रतियोगिता २९ सेप्टेम्बरदेखि १० अक्टोबरसम्म थाइल्यान्डमा आयोजना हुनेछ । उक्त प्रतियोगितामा शाक्य नेपालका तर्फबाट एक्लो प्रतिनिधि हुन् । 'मिस्टर नेपाल २०२५' अन्तर्गत 'मिस्टर ग्लोबल नेपाल'को उपाधि जितेसँगै शाक्यले यो अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिनिधित्व गर्ने अवसर पाएका हुन् । उनलाई 'मिस्टर नेपाल'को आयोजक संस्था नेक्स्ट मोडल्स नेपालले थाइल्यान्ड पठाएको हो ।



# कोरियाको छुसकमा गुञ्जियो नेपथ्य



**कोरिया (प्रस)–** नेपालीहरूले कोरियाको दशैंका रूपमा लिने छुसक पर्व चलिरहेको बेला दक्षिण कोरियामा बसोबास गर्ने नेपालीका लागि एउटा साङ्गीतिक कार्यक्रम उत्सवमा परिणत भयो, जसमा व्यापक सहभागिताबीच एकै स्थानमा नेपालीपनका विविध आनन्द समेटिएका थिए । लोकरक गीतहरू सुनाउन छैटौंपटक यस मुलुकमा आएको नेपथ्यको कन्सर्ट भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रममा उपस्थित दर्शकको भीड सम्हाल्न आयोजकदेखि लिएर कोरियाली सुरक्षाकर्मीसम्मलाई हम्मेहम्मे परेको देखिन्थ्यो । त्यसैगरी मञ्चको अग्रभागमा दर्शकको घुइँचो खुकुलो पार्न गायकले समेत आह्वान गर्नुपरेको थियो ।

त्यसअघि आयोजनास्थल किन्टेक्स हलसम्म पुग्ने जीटीएक्स स्टेसनतर्फका रेलहरू उभिने ठाउँसमेत नभेटिने गरी नेपाली दर्शकले भरिभराउ देखिन्थे भने हजारौं दर्शक अटाउने व्यापक क्षमताको अत्याधुनिक हल टम्म भरिएको थियो । साढे तीन दशक लामो साङ्गीतिक यात्रामा बन्द हलभित्र यो मात्राको सहभागिता नेपथ्यका लागि बेलायतको वेम्बली एरिना स्मरण गराउने स्तरको थियो ।

कन्सर्टको सुरुवात 'कोशीको पानी यो जिन्दगानी' बाट गरिएको थियो । यसलाई अघि बढाउने क्रममा मुख्य गायक एवं ब्यान्ड अगुवा अमृत गुरुङले नदी सभ्यतालाई अँगालेरै अघि बढेको नेपाली समाज पछिल्लो समय जलवायु परिवर्तनले गर्दा तिनै नदीनालाबाट डराएर बाँच्नुपर्ने अवस्थामा पुगेको पीडा पोखेका थिए ।

'भोटेकोशी र त्रिशूलीमा आएको भर्खरैको बाढीले हामीलाई अपूरणीय घाउ दिएर गएको छ,' अमृतले उपस्थित दर्शकसामु अनुरोध गरे, 'तत्काल राहतका लागि हामी एकजुट हुनुपर्ने भएकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तपाईंहरू पनि सक्दो सहयोग गरिदिनुस् ।' यसरी आफ्ना गीत र समसामयिक विषयवस्तुबारे विचार सुनाउँदै अमृतले दुई घण्टासम्म प्रस्तुति दिएका थिए ।

'मिल्ने नै भए एकपटक पारिजात (दिवंगत लेखिका) सँग भेट्ने थिएँ,' कन्सर्ट हेरेर फर्केपछि दर्शक सुष्मा रानाहँमा राईले आफ्नै शैलीसहित फेसबुकमा लेखेकी छन्, 'जीवनमा पटकपटक हेरिरहूँ सुनिरहूँ लाग्ने नेपथ्य ।' 'नेपाली संगीत जगत्मै नेपथ्य सर्वाधिक लोकप्रिय छ,' अर्का दर्शक मनोज गुरुङले लेखेका छन्, 'नौ वर्षपछि पुनः बेजोड प्रस्तुति हेर्न पाइयो ।' यस पालाको कन्सर्टमा केही नयाँपन पनि देखिन्थ्यो । जस्तो, गायक अमृतले 'चरी मर्‍यो सिसैको गोलीले' गीतको थालनी गर्दा 'ए साइँला' भन्दा पहिले 'ए नि हाउ...हा... हा...' भन्दै आलाप तानेर धुनको मुड स्थापित गरेका थिए ।

सायद यस्तै कुराले प्रभावित भएर अर्का दर्शक पास्तेम्बा शेर्पाले गायक अमृतको फेसबुकमा प्रतिक्रिया जनाउँदै लेखेका छन्, 'ह्वाट अ प्याकेज, ह्वाट अ ग्रेट लेसन फर नेसनालिटी, टु आवर वाज जस्ट लाइक ट्वेन्टी मिनेट (कति राम्रो प्याकेज, राष्ट्रियताको कस्तो उत्कृष्ट पाठ, दुई घण्टा त बीस मिनेट जस्तै गरी सकियो) ।' अमृतकै फेसबुकमा अर्का दर्शक कल्ता लावती लिम्बूले 'सधैं दर्शकलाई यसै गरी उफार्ने जोसजाँगर मिलिरहोस्' भनेर आशिषसमेत दिएका छन् । कन्सर्ट हेर्नका लागि आफू एक्लै आएको, एक्लै रमाएको र मनैदेखि खुसी भएर फर्किएको जानकारी पनि उनले पोस्ट गरेका छन् ।

विभिन्न हाउभाउसहित आएका दर्शकमा आफूहरू मिलेरै डिजाइन गरिएको नेपथ्य अंकित टिसर्ट लगाएर उपस्थित समूह पनि थियो । अर्कातिर नेपाली परम्परागत खानेकुराका अनेकथरी स्टल समेटिएको बेग्लै हलमा पनि उत्तिकै भीडभाड देखिन्थ्यो ।

'हामीलाई सदैव न्यानो माया दिँदै आएको कोरियाले यसपाला झनै भव्य स्वागत गर्‍यो,' कार्यक्रम सम्पन्न भएपछि गायक अमृतले भने, 'यसलाई थप प्रेरणाका रूपमा लिएका छौं ।' नेपालीहरूबीच एकताको सन्देश प्रवाह गर्ने यस्तो महत्वपूर्ण आयोजनासँग जोडिन पाएकामा गौरव महसुस भइरहेको स्थानीय आयोजक सुरेश लिम्बूले बताए ।

'गुणस्तर र दर्शक सहभागिता दुवै मानेमा यो कन्सर्ट मानक बन्न पुग्यो,' कार्यक्रमपछि लिम्बूले प्रतिक्रिया दिए, 'दक्षिण कोरियाका परिश्रमी नेपाली छुसक पर्वको बेला मिठो सम्झना बोकेर कन्सर्टबाट फर्केका छन् ।' कन्सर्टको प्राविधिक पक्षसँग जोडिएका कोरियालीहरूले पनि यसलाई विशेष अनुभवका रूपमा उल्लेख गरे ।

'यत्तिको व्यावसायिक नेपाली टिमसँग मिलेर यस्तो सफल कन्सर्ट दिन सक्नु हाम्रा लागि पनि महत्वपूर्ण रह्यो,' डीएस मेडियाटेकका ली जो युङले प्रतिक्रिया दिए, 'हामी फेरि पनि यो टोलीसँग काम गर्न प्रतीक्षारत रहनेछौं ।' मञ्चमा अमृतलाई सदाझैं ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए । कन्सर्ट सम्पन्न भएपछि ब्यान्ड शनिबारै स्वदेश फिरिसकेको छ ।

अब केही दिनमै अर्थात् अक्टोबर ४ मा नेपथ्यले आफूलाई युनाइटेड अरब इमिरेट्सको दुबई सहरमा प्रस्तुत गर्ने घोषणा गरिसकेको छ । त्यसपछि पनि नेपालका सातवटा सहर र भारतको सिक्किममा ब्यान्डले कन्सर्टको तालिका प्रकाशन गरिसकेको छ । त्यसै गरी यही वर्ष अस्ट्रेलियाको पनि शृंखलाबद्ध यात्रा गर्ने प्रारम्भिक जानकारी ब्यान्डले दिइसकेको छ ।

# अम्बर गुरुङ स्मृति संगीत पुरस्कार शम्भुजीतलाई

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संगीतकार, गायक तथा गीतकार अम्बर गुरुङको स्मृतिमा स्थापना गरिएको 'अम्बर गुरुङ स्मृति संगीत पुरस्कार' यस वर्ष मूर्धन्य संगीतकार, गायक तथा गीतकार शम्भुजीत बास्कोटालाई प्रदान गरिएको छ ।

दार्जिलिङको मिरिकस्थितलभ एन्ड सपोर्ट फाउन्डेसन तथा अम्बर गुरुङ सालिक निर्माण संरक्षण समितिद्वारा बास्कोटालाई भारतीय रूपैयाँ ५१ हजार १११ नगद र ताम्रपत्रसहित सो पुरस्कार प्रदान गरेको हो ।

मिरिकमा आइतबार आयोजित कार्यक्रमा संस्थाका अध्यक्ष कैलाश राई, सचिव डी. केगिरी, प्रमुख अतिथि गोविन्द सिंह क्षेत्री तथा संस्थापक अध्यक्ष मनोज राइलगायतले बास्कोटालाई सो पुरस्कार सहित सम्मान गरेको सो संस्थाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

साथै नयाँ पुस्तामाझ अम्बर गुरुङका कालजयी धुन तथा सिर्जनालाई स्मरण र संरक्षण गर्ने उद्देश्यले सांगीतिक कार्यक्रमको आयोजना गरिएको र सो कार्यक्रममा संगीतकार तथा गीतकार बास्कोटालाई सम्मान गरिएको थियो ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रा स्रष्टा-सर्जकलाई सम्मान गर्नु केवल एउटा कार्यक्रम होइन, उहाँहरूको सिर्जनायात्राप्रति हाम्रो कृतज्ञता र नेपाली कला संस्कृतिप्रतिको सम्मान पनिहो । यस्ता कार्यक्रमहरू एवं मान सम्मानले नेपालीकला र संस्कृतिलाई आगामी पुस्तामाझ पनि सुपरिचित गराउँदै लैजानेछ ।'

सन् १९७१ मा संगीत निर्देशक तथा गायकका रूपमा व्यावसायिक सांगीतिक यात्रा सुरु गरेका बास्कोटाले नेपाली संगीत, चलचित्र, टेलिभिजन तथा सांस्कृतिक क्षेत्रमा पाँच दशकभन्दा लामो समयदेखि योगदान पुर्‍याउँदै आएका छन् । उनले ३६४ भन्दा बढी नेपालीचलचित्रमा संगीत निर्देशन तथा दुई हजारभन्दा बढी गीतमा संगीत सिर्जना गरेका छन् ।

## रंगशाला

# नेपालगञ्जमा राष्ट्रिय खेलकुदको तयारी

■ **प्रभाव संवाददाता**

**नेपालगञ्ज–** शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले नेपालगञ्ज रंगशालाको निरीक्षण गरेका छन् । आगामी मङ्सिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत केही खेल नेपालगञ्जमा सञ्चालन गर्ने गरी गरिएको तयारीको उनले सोमबार गरेका हुन् ।

दशौं राष्ट्रिय खेलकुदका लागि नेपालगञ्जमा उपलब्ध खेल पूर्वाधारको अवस्था र सम्भावित खेलस्थलको निरीक्षण गर्न शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव पौडेल नेतृत्वको टोलीले अनुगमन गरेको हो ।

सुर्खेतमा प्रतियोगिताको पूर्वतयारीबारे स्थलगत जानकारी लिएर फर्किने क्रममा सचिव पौडेल, सहसचिव रमेश ढकालसहितको टोलीले नेपालगञ्ज रंगशालामा रहेका विभिन्न खेल पूर्वाधारको निरीक्षण गरेको साविक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले जानकारी दिए ।

टोलीले रंगशालाको मुख्य मैदान, पौडी पोखरी, सुटिङ रेन्ज, कभर्ड हललगायत संरचनाको अवलोकन गरेको थियो । निरीक्षणपछि नेपालगञ्जमा दशौं राष्ट्रिय खेलकुदका करिब छ वटा खेल सञ्चालन गर्न सकिने सम्भावनाबारे छलफल भएको चन्दले बताए ।

निरीक्षणका क्रममा सचिव पौडेलले नेपालगञ्जमा रहेका खेल पूर्वाधारको प्रयोग र संरक्षणलाई समेत ध्यान दिएर प्रतियोगिताका सञ्चालनको तयारी अघि बढाउनुपर्नेमा जोड दिए । 'नेपालगञ्जमा उपलब्ध खेल पूर्वाधारको अवस्था बुझेर राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेल सञ्चालन गर्न आवश्यक तयारी र व्यवस्थापनका विषयमा सम्बन्धित पक्षसँग समन्वय गरेर अघि बढ्नेछौं', उनले भने ।

उक्त अवसरमा कार्यालय प्रमुख चन्दले टोलीलाई नेपालगञ्ज रंगशालामा रहेका विभिन्न खेलस्थल, पूर्वाधार तथा तिनको वर्तमान अवस्थाबारे जानकारी गराएका थिए । नेपालगञ्जमा आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुँदा ठूलो लगानीमा विभिन्न खेलका लागि आवश्यक पूर्वाधार निर्माण गरिएको थियो ।

**रंगशालामा फ्लड लाइट जडान गरिँदै**

नेपालगञ्ज रंगशालामा उच्च क्षमताको प्रकाश प्रणाली (फ्लडलाइट) जडान गरिँदैछ । सरकारले मुख्य सहरमा व्यावसायिक खेलकुदको विकाससँगै रात्रिकालीन प्रतियोगिता सञ्चालन गर्ने योजनाअन्तर्गत यहाँको रंगशालालाई फ्लडलाइट जडानसहित स्तरोन्नति गर्न लागेको हो ।

फ्लडलाइट जडानपछि रात्रिकालीन समयमा खेलकुद गतिविधि सञ्चालन गर्न सहज भइ खेल पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका पूर्वअध्यक्ष भीम ओलीले फ्लडलाइट जडानले यहाँको खेलकुद गतिविधिलाई नयाँ गति दिने बताए । 'यहाँ गर्मीका कारण दिउँसो खेलकुद गतिविधि सञ्चालन गर्न कठिन छ । फ्लडलाइट जडान भएपछि राति पनि नियमित खेल, अभ्यास र प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।' उनले भने, 'यसले खेलकुदको दायरा विस्तारका साथै नेपालगञ्जलाई खेल पर्यटन गन्तव्यका रूपमा विकास गर्न समेत सहयोग पुर्‍याउनेछ ।'

यस्ता कार्यक्रम आधुनिक पूर्वाधार विस्तारसँगै खेलाडी, दर्शक तथा आयोजकलाई समेत सहज वातावरण निर्माण हुनेछ । उक्त प्रविधिको जडानसँगै फुटबल मैदानको आधारभूत पूर्वाधार सुधारमा ध्यान दिइनुपर्ने आवश्यकता औंल्याइएको छ ।

जिल्ला खेलकुद विकास समिति बाँकेका पूर्वअध्यक्ष मोहित शाहले मैदानको सतह, पानी निकासलगायतका पक्षमा सुधारको खाँचो औंल्याए । त्यस रंगशालामा खेलकुद तथा अन्य कार्यक्रम सञ्चालनबाट आम्दानीका स्रोत बढ्न गई मर्मत सम्भारलाई निरन्तरता दिन सकिने सरोकारवालाको भनाइ छ । नेपाल सरकारको खेलकुद पूर्वाधार विकास योजनाअन्तर्गत पूर्वाधार विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीच यसै साता खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नतिका लागि सम्झौता भएको थियो ।

सम्झौताअनुसार आगामी तीन वर्षभित्र रंगशालालगायत निश्चित खेलकुद पूर्वाधारमा रु २५ करोडसम्म लगानी गरी आधुनिक फ्लडलाइट जडान तथा मर्मत सम्भारका काम गर्ने लक्ष्य राखिएको छ । लामो समयदेखि रंगशालालाई आधुनिक र सुविधा सम्पन्न बनाउन पर्ने माग हुँदै आएको थियो ।

# राष्ट्रिय महिला क्रिकेटर उपाध्यायलाई सम्मान

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी सदस्य मनिषा उपाध्याय रु ६० हजारको खेल सामग्रीसहित सम्मानित भएकी छिन् । यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत 'लेट रमादेवी मेमोरियल क्रिकेट कप' को तर्फबाट रु ६० हजार बराबरको क्रिकेट सामग्रीसहित उपाध्याय सम्मानित भएकी हुन् ।

नेपाली महिला क्रिकेटमा उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय टोलीमा पुग्न सफल मनिषाको मिहिनेत, समर्पण र निरन्तरताको कदर गर्दै उक्त सम्मान गर्न लागिएको आयोजकले जनाएको छ । प्रतियोगिताका निर्देशक राज क्षेत्रीद्वारा जारी प्रेस विज्ञप्तिअनुसार असोज २७ गते अर्घाखाँचीमा आयोजना हुने 'लेट रमादेवी मेमोरियल क्रिकेट कप' को अवसरमा मनिषालाई रु ६० हजार बराबरको क्रिकेट सामग्री हस्तान्तरण गरिएको हो ।

'यो सहयोग क्रिकेट सामग्रीका रूपमा मात्र नभइ उनको मिहिनेतप्रतिको सम्मान र आगामी दिनमा अझ राम्रो प्रदर्शनका लागि सानो प्रोत्साहन हो', विज्ञप्तिमा भनिएको छ ।

सम्मान ग्रहणपछि प्रतिक्रिया दिँदै मनिषाले आज प्राप्त खेल सामग्रीले आगामी दिनमा धेरै सहयोग पुग्ने बताइन् । यस्ता प्रकारका सम्मानले क्रिकेटमा थप उत्कृष्ट प्रदर्शन गर्न हौसला पनि पुग्ने उनको भनाइ छ ।

अन्तरराष्ट्रिय क्रिकेट अम्पायर रवीन्द्र गुप्ताले मनिषालाई नेपाली महिला टिमकी उदाउँदो स्टारका रूपमा प्रशंसा गरेका छन् । 'मनिषा अहिले नेपाली टोलीको महत्वपूर्ण सदस्य हुन् । उनीजस्ता प्रतिभावान् खेलाडीको हौसला बढाइराख्न यस्तो प्रकारको सम्मान प्रदान गर्न आवश्यक छ । आगामी दिनमा अन्य संघ-संस्थाले पनि खेलाडीको हौसला बढाउने काम गरेको देख्न पाइयोस्', अम्पायर गुप्ताले भनेका छन् ।


**युएइमा रोजगार** कम्पनी : Burjeel Cleaning Services - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348527 | चलानी नं. ६०२६१७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Supervisor | 6 | 0 | 2500 | १,०४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 95 | 25 | 1000 | ४१,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549, 9851068529 (Dibash)
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com

Govt. License 1770/081/082

**युएइमा रोजगार** कम्पनी : STARFORCE LABOUR SUPPLY L L C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No.348576 | चलानी नं.६०२६१७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 10 | 0 | 1200 | ५०,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant carpenter | 10 | 0 | 1200 | ५०,१५८ | | | | | | | |
| 3 | Reinforcing Fitter Assistant | 5 | 0 | 1200 | ५०,१५८ | | | | | | | |
| 4 | Stone Masson Assistant | 5 | 0 | 1200 | ५०,१५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २० बाट २३ गते सम्म (6th to 9th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**World King H.R.International Pvt.ltd.**

Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com

Govt. License 1700/081/82

**युएइमा रोजगार** कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348516 | चलानी नं. ६०२६१७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING INSULATION WORKER | 50 | 0 | 1000 | ४१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 3 | GENERAL STEEL FIXER | 50 | 0 | 1500 | ६२,६९८ | | | | | | | |
| 4 | All Mason | 50 | 0 | 1500 | ६२,६९८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००।- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RISING PLACEMENT PVT. LTD.**

Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Website: www.globalrisingplacement.com
Phone: 01- 5915317 | 5917318, Mobile: +977 980-1316636, 980-1315958, 980-1320919, 980-1316619, 980-1316614, mail: cv@globalrisingplacement.com.np

श्रम इजाजत नं. १६१६/०७९/०८०

**साउदीमा रोजगार** कम्पनी : AL SAMOU AL ALI CATERING COMPANY IS A ONEPERSON COMPANY

शेवा शुल्क: १०,०००/

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348588 | चलानी नं. ६०२६१७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters(Restaurant) | 2 | 0 | 1200 | ४९,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Steward/botltewasher/general cleaner | 2 | 0 | 1200 | ४९,०४४ | | | | | | | |
| 3 | Kitchen Worker | 2 | 0 | 1200 | ४९,०४४ | | | | | | | |

कम्पनी : Fahd bin Awad bin Sweileh Al Otaibi Architectural Contracting Est

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348587 | चलानी नं. ६०२६१७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४९,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

इंप.नं.११४२/०७३/०७४

Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Abdullah 9813048932 ,Email: alkausharhr@gmail.com

**कतारमा रोजगार** कम्पनी : Q - Tec Facilities Management WLL

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348508 | चलानी नं.६०२६१७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech | 10 | 0 | 1200 | ५०,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 5 | 0 | 1800 | ७५,७९९ | | | | | | | |
| 3 | Service Agents | 10 | 0 | 1200 | ५०,५३३ | | | | | | | |

कम्पनी : HIGH VOLTAGE DECORATION

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No.348629 | चलानी नं.६०२६१७४५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 0 | 1200 | ५०,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PURCHASE REPRESENTATIVE | 4 | 0 | 3000 | १,२६,३३२ | | | | | | | |
| 3 | Sales Executive | 1 | 0 | 3000 | १,२६,३३२ | | | | | | | |
| 4 | General Electrician | 1 | 1 | 2500 | १,०५,२७७ | | | | | | | |
| 5 | Foreman General | 7 | 0 | 2500 | १,०५,२७७ | | | | | | | |
| 6 | GENERAL LABOURER | 1 | 0 | 1100 | ४६,३२१ | | | | | | | |
| 7 | DECOR DESIGNER. | 1 | 0 | 2000 | ८४,२२१ | | | | | | | |
| 8 | Representative officer | 2 | 0 | 2500 | १,०५,२७७ | | | | | | | |
| 9 | SUPERVISOR / GENERAL | 4 | 0 | 2500 | १,०५,२७७ | | | | | | | |
| 10 | Representative | 1 | 0 | 2500 | १,०५,२७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**

Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401 चलानी नं. ६०२५८०९६

# ट्रम्प–सी भेटवार्तापछि अमेरिका र चीनद्वारा ३० अर्ब डलरका वस्तुमा भन्सार कटौती

**हङकङ–** अमेरिका र चीनले करिब ३० अर्ब अमेरिकी डलरबराबरका वस्तुमा भन्सार कटौती गर्ने सूची सोमबार सार्वजनिक गरेका छन् । यसले दुई देशबीचको व्यापारिक सम्बन्ध सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

वासिङ्टनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच भेटवार्ता भएको केही दिनपछि यो विवरण सार्वजनिक भएको हो । गत वर्ष कुनै समय चीनबाट आयात हुने वस्तुमा अमेरिकी भन्सार दर १४५ प्रतिशतसम्म पुगेको थियो । पछिल्लो समय दुई देशबीचको तनाव कम हुँदै गएपछि अमेरिकाले चीनमाथिको केही भन्सार दर घटाइसकेको छ ।



चिनियाँ वाणिज्य मन्त्रालयले नयाँ व्यवस्थाले दुई देशबीच व्यापारिक सहयोग सुदृढ गर्न सहयोग पुग्ने जनाएको छ । चीनले अमेरिकाबाट आयात गर्ने एक हजार ६१९ प्रकारका वस्तु सूचीमा समेटिएका छन् । तीमध्ये कृषि उपज, व्यक्तिगत स्याहारका सामग्री, काठ, चिकित्सा उपकरण र कोइलालगायत छन् ।

त्यस्तै, अमेरिकाले चीनबाट आयात गर्ने ७७ वर्गका वस्तुमा भन्सार कटौती गरिने छ । यसमा आतिशबाजी, भान्साका भाँडाकुँडा, सिसा तथा काठका क्रिसमस सजावटका सामग्री र फुटबललगायत छन् ।

चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार ९० प्रतिशतभन्दा बढी वस्तुमा 'मोस्ट फेभर्ड नेसन' अर्थात् सबैभन्दा प्राथमिकता प्राप्त राष्ट्रको स्तरको भन्सार दर कायम गरिने छ । यसले सम्बन्धित देशका लागि लगाइएका अतिरिक्त भन्सार दर अधिकांशतः हट्ने जनाइएको छ ।

अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरले सूचीमा दुवै पक्षका गैरसंवेदनशील वस्तु समेटिएको बताए । उनका अनुसार नयाँ व्यवस्थाबाट अमेरिकी किसान, उत्पादक, व्यवसायी र श्रमिकले चीनको बजारमा थप पहुँच पाउन सक्ने छन् ।

दुवै देशले आवश्यकताअनुसार सूचीमा संशोधन गर्न सकिने सहमति गरेका छन् । तर यस्तो संशोधन बढीमा वर्षमा एकपटक मात्र हुने सम्भावना रहेको बताइएको छ । चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार कृषि क्षेत्रमा थप सहकार्यका लागि दुवै देश सहमत भएका छन् । तर चिप, विद्युतीय सवारीसाधन र ब्याट्रीजस्ता रणनीतिक महत्त्वका क्षेत्र भने सम्झौतामा समेटिएका छैनन् ।

### द्विपक्षीय व्यापार बढ्ने अपेक्षा

आइएनजी बैंकका ग्रेटर चाइना क्षेत्रका प्रमुख अर्थशास्त्री लिन सङले भन्सार कटौतीले दुई देशबीचको व्यापारमा उल्लेखनीय वृद्धि हुन सक्ने बताए । चीनबाट अमेरिका निर्यात हुने उपभोक्ता सामग्रीमा बढी ध्यान दिइएकाले अमेरिकी उपभोक्तालाई पनि लाभ पुग्न सक्ने विश्लेषकको भनाइ छ ।

फ्रान्सेली बैंक नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री ग्यारी एनजीका अनुसार चीनबाट आयात हुने उपभोक्ता सामग्रीमा भन्सार घट्दा अमेरिकी मुद्रास्फीति नियन्त्रणमासमेत सहयोग पुग्न सक्छ । यसबाट चिनियाँ कम्पनीलाई अतिरिक्त उत्पादन निर्यात गर्ने अवसर पनि बढ्न सक्छ । यद्यपि, केही विश्लेषकले दुवैतर्फ करिब ३० अर्ब डलरबराबरको कारोबार समेटिएको भए पनि यसको समग्र आर्थिक प्रभाव सीमित हुन सक्ने बताएका छन् ।

बिएनपी पारिबास वेल्थ म्यानेजमेन्टका एसियाली क्षेत्रका प्रमुख लगानी अधिकृत प्रशान्त भयानीका अनुसार यस वर्षको पहिलो सात महिनामा अमेरिकाबाट चीनतर्फ करिब ६८ अर्ब डलर बराबरका वस्तु निर्यात भएका छन् । पहिलो आठ महिनामा चीनबाट अमेरिकातर्फको निर्यात करिब २७० अर्ब डलर पुगेको छ ।

### चीनको व्यापार बचत उच्च रहने अपेक्षा

गत वर्ष चीनको व्यापार बचत कीर्तिमानी १.२ ट्रिलियन डलर पुगेको थियो । यस वर्ष अगस्टसम्ममा यस्तो बचत करिब ८०० अर्ब डलर पुगेको विश्लेषकहरूले बताएका छन् । अमेरिकाले औद्योगिकक्षमताकोअधिकतासम्बन्धी अनुसन्धानअन्तर्गत चीनसहित १६ व्यापारिक साझेदारमाथि छानबिन गरिरहेको छ । अनुसन्धानपछि चीनमाथि थप भन्सार लगाउन सक्ने सम्भावना पनि रहेको छ । *रासस⁄एपी*



**थाइल्याण्डको बैंककस्थित बाङ कापीमा किनमेलपछि मानिसहरू बाढीको पानी पार गर्दै । सरकारका अनुसार, यस क्षेत्रमा शक्तिशाली मौसमी प्रणालीको प्रभावपछि थाइल्याण्डका २७ प्रान्तमा पाँच लाखभन्दा बढी घरपरिवार र १७ लाख मानिसहरू बाढीबाट प्रभावित भएका छन् ।**

*तस्बिरः एएफपी*

# भारतको निर्वाचन आयोगमाथि विपक्षीको दबाब

**नयाँदिल्ली–** भारतमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआइआर) प्रक्रियामा अनियमितताको आरोप लागेपछि निर्वाचन आयोगमाथि छानविनको दबाब बढेको छ । विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा र सर्वोच्च अदालतको नेतृत्वमा अनुसन्धानको माग गरेका छन् ।

'द इण्डियन एक्सप्रेस' को गत हप्ताको अनुसन्धानात्मक समाचारअनुसार एसआइआरसँग सम्बन्धित केही महत्त्वपूर्ण निर्णय तीनमध्ये दुई निर्वाचन आयुक्तको स्वीकृतिबिना लिइएको हुन सक्ने देखिएको छ । निर्वाचन आयोगले भने आफ्ना सबै निर्णय सर्वसम्मत र कानुनीरूपमा मान्य रहेको भन्दै आरोप अस्वीकार गरेको छ ।

विपक्षी दलहरूले एसआइआरका क्रममा लाखौं मतदाताको नाम सूचीबाट हटाइएको र त्यसबाट प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई लाभ पुग्न सक्ने भन्दै लामो समयदेखि प्रश्न उठाउँदै आएका छन् । उक्त दैनिकका अनुसार पछिल्लो १० महिनामा दुई निर्वाचन आयुक्तले एसआइआरका महत्त्वपूर्ण निर्णयबारे कम्तीमा १४ पटक औपचारिक असहमति जनाएका छन् र एक करोड ३० लाख मतदाता छुटेको बताइएको छ ।

निर्वाचन आयोगले एसआइआरको उद्देश्य धोखाधडीपूर्वक दर्ता भएका मतदाताको पहिचान गर्नु तथा योग्य मतदातालाई सूचीमा कायम राख्नु रहेको जनाएको छ । आयोगले 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु पनि यसको उद्देश्य रहेको बताएको छ । आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसंख्यक समुदाय असमानरूपमा प्रभावित भएको आरोप लगाएका छन् ।

आयोगले पछिल्लो एक वर्षमा भएका सबै निर्णय पूर्ण आयोगको सर्वसम्मत निर्णयबाट भएको स्पष्ट पारेको छ । यद्यपि दुई आयुक्तले आपत्ति जनाएका विशेष आदेश कसले स्वीकृत गरेको थियो भन्नेबारे आयोगले सार्वजनिकरूपमा स्पष्ट पारेको छैन । *रासस⁄एएफपी*

# इजरायली प्रधानमन्त्री नेतान्याहूले युएईको 'गोप्य भ्रमण' गरेको खुलासा

**तेल अभिभ–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आइतबार संयुक्त अरब इमिरेट्स (युएई) को गोप्य भ्रमण गरी युएईका राष्ट्रपति शेख मोहम्मद बिन जायदसँग छलफल गरेका छन् । अमेरिकी समाचार संस्था सिएनएनले यस विषयमा जानकार एक इजरायली स्रोतलाई उद्धृत गर्दै यो भ्रमणबारे खुलासा गरेको हो ।

सिएनएनले दुई नेताबीचको कुराकानी मुख्यरूपमा इरानसम्बन्धी क्षेत्रीय चिन्तामा केन्द्रित भएको रिपोर्ट गरेको छ । तर, रिपोर्ट गरिएको यो गोप्य भ्रमणलाई समाचार तयार पार्दासम्म इजरायली प्रधानमन्त्रीको कार्यालय वा युएई नेतृत्वले पुष्टि गरेको छैन ।

यसअघि पनि यसै वर्ष नेतन्याहूले युएईको गोप्य भ्रमण गरेका थिए । उक्त भ्रमणपछि इजरायली प्रधानमन्त्रीको कार्यालयले प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इरानविरुद्धको इजरायली सैन्य अभियानका बीचमा संयुक्त अरब इमिरेट्सको भ्रमण गरी राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयानसँग भेट गरेको बताएको थियो ।

यस पहिलेको भ्रमणपछि सामाजिक सञ्जालमा इजरायली प्रधानमन्त्रीको कार्यालयको वक्तव्यलाई उद्धृत गरिएका सार्वजनिक पोस्टहरूमा भनिएको थियो, 'इरानविरूद्धको कारबाहीबीच प्रधानमन्त्री बेञ्जामिन नेतान्याहूले गोप्यरूपमा संयुक्त अरब इमिरेट्सको भ्रमण गरी राष्ट्रपति शेख मोहम्मद बिन जायदसँग मध्यपूर्व युद्धका विषयमा छलफल गरेका छन् ।' तर, इजरायली प्रधानमन्त्रीको कार्यालयको घोषणालगत्तै युएईले इजरायली प्रधानमन्त्री वा कुनै इजरायली सैन्य प्रतिनिधिमण्डलको भ्रमणसम्बन्धी रिपोर्टहरूलाई अस्वीकार गरेको थियो ।

युएईको परराष्ट्र मन्त्रालयले रिपोर्टहरूलाई स्पष्टरूपमा अस्वीकार गर्दै भनेको थियो, 'युएईले इजरायलसँगको आफ्नो सम्बन्ध सार्वजनिक रहेको र प्रख्यात तथा आधिकारिकरूपमा घोषित अब्राहम सम्झौताको ढाँचाभित्र सञ्चालित रहेको पुनः पुष्टि गर्दछ र यो गैरपारदर्शी वा अनौपचारिक व्यवस्थामा आधारित छैन । त्यसैले, घोषणा नगरिएका भ्रमण वा खुलासा नगरिएका व्यवस्थासम्बन्धी कुनै पनि दाबी युएईका सम्बन्धित अधिकारीहरूद्वारा आधिकारिकरूपमा घोषणा नगरिएसम्म पूर्णरूपमा आधारहीन छन् ।'

रिपोर्ट गरिएको यो भ्रमण पश्चिम एसियामा जारी तनावकाबीच आएको हो । इजरायली प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको ८१औं महासभा (युएनजिए) मा इरानको सरकार अन्ततः पतन हुने घोषणा गरेका थिए । उनले इरानको नेतृत्वलाई यसका झूट, भ्रष्टाचार र क्रूरताले ढाल्ने दाबी गरेका थिए । महासभामा इजरायली प्रधानमन्त्रीले इरानी जनता एक दिन आफ्नो सरकारविरुद्ध उठ्ने भविष्यवाणीसमेत गरेका थिए ।

सम्बोधनमा उनले भनेका थिए, 'उनीहरूको हत्यारा शासन यसका झूट, भ्रष्टाचार र क्रूरताले ढालिने छ । यो दुष्ट शासन पतन हुने छ । इरानमा केही अद्भूत कुरा हुन केवल केही समयको कुरा हो । जनताको शक्ति सत्तामा रहेका मानिसहरूमाथि विजयी हुने छ ।'

इजरायली प्रधानमन्त्रीले इरानका आणविक सुविधाहरूविरुद्धको इजरायलको सैन्य कारबाहीबारे बोल्दै यसलाई देशको सुरक्षाका लागि आवश्यक निर्णय भनेका थिए । उनले केही नेताहरूको सार्वजनिक आलोचनाका बाबजुद धेरै देशहरूले इरानविरुद्धको इजरायलको कारबाहीलाई निजी रूपमा प्रशंसा गरेको पनि दाबी गरे ।

आफ्नो सम्बोधनका क्रममा नेतान्याहूले उनको सम्बोधनका क्रममा बाहिरिएका प्रतिनिधिहरू र स्थलबाहिर प्रदर्शन गर्नेहरूमाथि प्रतिप्रश्न गर्दै साँधेका थिए, 'इरानी तानाशाहहरूले हजारौं निहत्था इरानी नागरिकहरूलाई कत्ल र अपांग बनाउँदा तिमीहरू कहाँ थियौ ?'

उनले उनीहरूलाई मानवअधिकारको नाममा नक्कली प्रदर्शनकारी भनेर आरोप लगाएका थिए । अर्कोतर्फ, इरानका राष्ट्रपति मसूद पेजेस्कियानले यस महिनाको सुरुमा तेहरानलाई संयुक्त अरब एमिरेट्स वा कुनै अन्य क्षेत्रीय देशसँग कुनै समस्या नभएको तर छिमेकी राज्यहरूमा अमेरिकी सैन्य अड्डाहरूको उपस्थितिमा आपत्ति जनाएको बताएका थिए । उनले वासिङ्टनलाई पश्चिम एसिया द्वन्द्वकाबीच इरानविरुद्ध आक्रमण गर्न ती अड्डाहरू प्रयोग गरेको आरोप लगाएका थिए ।

केही दिन पहिले १८औं ब्रिक्स शिखर सम्मेलनको सन्दर्भमा नयाँ दिल्लीमा इण्डिया टुडेसँगको विशेष अन्तर्वार्तामा पेजेस्कियानले खाडी राष्ट्रहरूसँगको इरानको सम्बन्ध र संयुक्त राज्य अमेरिकासँगको टकरावबीच भिन्नता देखाउँदै तेहरानले युएई र क्षेत्रका अन्य देशका नागरिकहरूलाई दाजुभाइ मान्ने बताएका थिए ।

पेजेस्कियानले भनेका थिए, 'हामीलाई युएईसँग कुनै समस्या छैन । हामीलाई कुनै पनि क्षेत्रीय देशसँग समस्या छैन । हामीलाई यी देशहरूमा रहेका अमेरिकी अड्डाहरूसँग समस्या छ, जहाँबाट उनीहरू हाम्रो देशमाथि आक्रमण गर्दै छन् ।'

उक्त अवसरमा राष्ट्रपति पेजेस्कियानले भनेका थिए, 'अहिले हाम्रो युएईसँग राम्रो सम्बन्ध छ र हामी यसलाई विस्तार गर्न सक्छौं, र अन्य देशहरूसँग पनि त्यस्तै भएको छ । त्यसैले हामी सबैसँग इमानदार सम्बन्ध राख्न चाहन्छौं ।' *रासस⁄एएनआई*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०५३/०५/०४ मा दर्ता भएको **प्रा. लि. नं. १०४३९१** को **दिनेश एग्रो इण्डष्टिज्र प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७४/०७/३० मा दर्ता भएको **प्रा. लि. नं. १७८३६०** को **दिनेश भिलेज रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०६/१३**

मिति २०८३/०५/२६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बुक पाल प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आइटिनेला एडभेन्चर्स प्रा. लि. (दर्ता नं.: ३२१७३१)** कायम गर्ने गरी मिति २०८३/०६/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/२४ मा दर्ता भएको **प्रा.लि. नं. २२३५२६/०७६/०७७** को **चुलो कटेज प्रा. लि.** को मिति २०८३/०६/१२ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/२२ मा दर्ता भएको **प्रा. लि. नं. १८३२११/२०७४/०७५** को **टेकम्याक्स इन्टरनेशनल प्रा. लि.** लाई खारेजी (लिक्विडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/११ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएका तथ्ययुक्त आधार र सबुद प्रमाण सहिद सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी (लिक्वीडेटर)**
**इजाजत पत्र नं.५४७, फोन नं. ९८४२६३८३६७**



**युएइमा रोजगार** कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०५/०४ | LT. No. 346628 | चलानी नं. ६०२६०००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor/Helper | 100 | 0 | 1000 | ४१,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३७३७११/०८२/०८३

**Globe Asia Air International Overseas Pvt. Ltd**
Gausala, Sinamangal-9, Kathmandu, Nepal
Mobile No. 9863184127, 980-2907636, E-mail: info@globeasiaoverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : MOHAMMED ZAID AL-KHUNAINY TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348104 | चलानी नं. ६०२६१३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver Truck | 2 | 0 | 1800 | ७३,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



**युएइमा रोजगार** कम्पनी : SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348532 | चलानी नं. २०२६१७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 200 | 0 | 2000 | ८३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678
श्रम इजाजत नं. ९१५/०६७/६८



**युएइमा रोजगार** कम्पनी : Rara Building Maintenance and Cleaning Service L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348538 | चलानी नं. ६०२६१७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING WORKER/LABOUR | 40 | 0 | 1000 | ४१,७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**युएइमा रोजगार** कम्पनी : Sama Jafiliya Technical Services CO. L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348553 | चलानी नं. ६०२६१७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER BUILDING WORKER | 3 | 0 | 1200 | ५०,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CONCRETE MASON | 1 | 0 | 1600 | ६६,८१७ | | | | | | | |
| 3 | Building Electrician | 9 | 0 | 1600 | ६६,८१७ | | | | | | | |
| 4 | Buiding Painter | 1 | 0 | 1600 | ६६,८१७ | | | | | | | |
| 5 | Construction Carpenter | 2 | 0 | 1600 | ६६,८१७ | | | | | | | |
| 6 | ASSISTANT STONE MASON | 1 | 0 | 1400 | ५८,४६५ | | | | | | | |
| 7 | PIPE FITTER | 2 | 0 | 1600 | ६६,८१७ | | | | | | | |
| 8 | Carpenter | 4 | 0 | 1600 | ६६,८१७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २० गते (6th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९४३०० | प्रति तोला – ० | प्रति तोला – ४५१०

## अर्थमन्त्री वाग्ले र एआइआइबी अध्यक्ष जियायीबीच भेटवार्ता




■ प्रभाव संवाददाता

**काठमाडौं –** एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) को गभर्नर परिषद्को ११औं वार्षिक बैठकमा सहभागी हुन दोहा पुगेका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र बैंककी अध्यक्ष जोउ जियायीबीच भेटवार्ता भएको छ।

कतारको राजधानी दोहामा भएको उक्त भेटमा अर्थमन्त्री डा. वाग्लेले नेपालमा एआइआइबीको लगानी विस्तार, प्राकृतिक विपद्पछिको पुनःनिर्माण तथा सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गर्न बैंककी अध्यक्ष जियायीलाई आग्रह गरेको अर्थमन्त्रीको सचिवालयले जनाएको छ।

भेटका क्रममा एआइआइबीकी अध्यक्ष जियायीले हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण नेपालले भोग्नुपरेको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो समवेदना प्रकट गरे। उनले विपद्पछिको पुनर्निर्माणमा बैंकका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

अध्यक्ष जियायीले बैंकले 'प्रोजेक्ट प्रिपरेसन स्पेसलाइस्ड फण्ड'मार्फत परियोजना तयारीका लागि अनुदान सहायता उपलब्ध गराउनेछ। साथै, स्पेसलाइस्ड फण्ड विन्डो अन्तर्गतको अनुदान प्रयोग गरी एआइआइबीले नेपाललाई दिने ऋणलाई अधिकतम सहुलियतपूर्ण ब्याजदरमा कायम गर्न सकिने विचार उनले व्यक्त गरे।

अर्थमन्त्रीको सचिवालयले दिएको जानकारीअनुसार एआइआइबीको संस्थापक सदस्य राष्ट्र नेपालको आर्थिक विकासमा थप सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धतासमेत उनले दोहोऱ्याए।

उक्त अवसरमा अर्थमन्त्रीले नयाँ अध्यक्ष जियायीलाई बधाई दिँदै बैंकले संस्थापक सदस्यका रूपमा नेपाललाई पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गरे। उनले एआइआइबीको लगानीमा हाल सञ्चालनमा रहेका विद्युत् वितरण प्रणाली सुधार तथा विस्तार आयोजना र एक्सप्रेस सडकको अध्ययन कार्य शीघ्र सम्पन्न गर्न आग्रह गरे। साथै, बैंकको लगानी रहेको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा बाढीले पुऱ्याएको क्षतिप्रति उनले दुःख व्यक्त गरे।

अर्थमन्त्री डा. वाग्लेले मध्यमकालीन तथा दीर्घकालीन सहायताअन्तर्गत हरित ऊर्जा, सीमापार विद्युत् प्रसारण लाइन, सडक पूर्वाधार र डिजिटल पूर्वाधारको विकासमा बैंकको आफ्नै स्रोतका साथै अन्य दातृ निकायको स्रोतसमेत परिचालन गरिदिन आग्रह गरे। छलफलकै क्रममा अर्थमन्त्री डा. वाग्लेले अध्यक्ष जियायीलाई सन् २०२६ भित्रै नेपाल भ्रमणका लागि निमन्त्रणासमेत दिए।

## बाढीप्रभावित ३८ आयोजना क्रमशः सञ्चालनमा ल्याइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** असोज ९ गतेदेखि भएको अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण आकस्मिक रूपमा बन्द भएका विद्युत् आयोजना क्रमशः सञ्चालनमा आउन थालेका छन्। भदौ १० यता विभिन्न कारणले आएको बाढीपहिरोका कारण उत्पादन तथा प्रसारण संरचनामा क्षति पुग्दा ३८ वटा जल तथा सौर्य विद्युत् आयोजना प्रभावित भएका थिए। कुल क्षमता १ हजार २ सय ९२ मेगावाटका यी आयोजना मध्ये ८ वटा आयोजनाको २३० मेगावाट विद्युत् अझै राष्ट्रिय प्रणालीबाट बाहिर रहेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार अविरल वर्षापछिको बाढीपहिरोका कारण विभिन्न विद्युत् उत्पादन, प्रसारण तथा वितरण संरचनामा क्षति पुगेको छ। बाढीका कारण आकस्मिक रूपमा बन्द गरिएका केही उत्पादन केन्द्र सञ्चालनमा आइसकेका छन्। प्रसारण टावरमा क्षति पुगेका कारण उत्पादन गर्न सक्ने अवस्थामा रहे पनि विद्युत् प्रणालीमा जोडिन नसकेका आयोजनालाई सञ्चालनमा ल्याउन भने केही समय लाग्ने छ। केही प्रसारण संरचना मर्मत भएपछि सञ्चालनमा आउने अवस्थामा छन्।

बाढीका कारण अवरुद्ध भएका सेती-मादी नदी कोरिडोरका २६२ मेगावाट क्षमताका जलविद्युत् केन्द्र सञ्चालनमा आइसकेका छन्। त्यस्तै मर्स्याङ्दी करिडोरमा अवरुद्ध भएका १९० मेगावाट क्षमताका जलविद्युत् केन्द्र पनि सञ्चालनमा आएका छन्।

यसरी यी दुई करिडोरका मात्रै ४५२ मेगावाट क्षमताका प्रभावित उत्पादन केन्द्र पुनः सञ्चालनमा आएका छन्। बाढीका कारण अवरुद्ध भएको १४४ मेगावाटको कालीगण्डकी 'ए' पनि सञ्चालनमा ल्याउने क्रममा रहेको प्राधिकरणले जनाएको छ। प्राधिकरणको क्षेत्रगत विवरणअनुसार बाढीबाट सबैभन्दा बढी क्षमतामा कुश्मा-दाना क्षेत्रका जलविद्युत् आयोजना प्रभावित भएको छन्। यहाँ १२ वटा उत्पादन केन्द्रको ३५८.२ मेगावाट क्षमता प्रभावित भएको छ।

यस प्रसारण लाइनमा क्षति पुगेका कारण यस क्षेत्रका ७ वटा जलविद्युत् केन्द्रको १९० मेगावाट विद्युत् प्रसारण हुन नसकेको छ। तीमध्ये केही आयोजना उत्पादन गर्न सक्ने अवस्थामा भए पनि प्रसारण लाइनको क्षतिका कारण विद्युत् प्रणालीमा पठाउन नसकिएको प्राधिकरणले जनाएको छ। बाढीबाट राहुघाट जलविद्युत् आयोजनाको टेलरेस गेट र डक्टमा क्षति पुगेको छ। टर्बाइन फ्लोरमा पानी पसेकाले सफाइ गरी आयोजना सञ्चालनमा ल्याउन करिब १० दिन लाग्ने अनुमान गरिएको छ। स्विचयार्डको अवस्था भने सामान्य रहेकाले चार्ज गरिसकिएको छ।

राहुघाट सबस्टेसनमा जोडिएका र बाढीका कारण अवरुद्ध भएका आयोजनामध्ये ४० मेगावाटको राहुघाटबाहेक १२७ मेगावाट क्षमताका आयोजना सञ्चालनमा आउन सक्ने अवस्थामा रहेको प्राधिकरणले जनाएको छ। असोज ९ पछिको बाढीपहिरोले पोखरा क्षेत्रमा ५ वटा उत्पादन केन्द्रको १२१ मेगावाट क्षमता प्रभावित भएको छ। यसमा सुपर मादी ४४ मेगावाट, माथिल्लो मादी २५ मेगावाट, मादमे खोला २९ मेगावाट, सिक्लेस १२ मेगावाट र नामर्जुन ११ मेगावाट छन्।

मर्स्याङ्दी करिडोरमा ३ वटा आयोजनाको १८९ मेगावाट प्रभावित भएको छ। यसमा मध्य मर्स्याङ्दी ७० मेगावाट, माथिल्लो मर्स्याङ्दी ५० मेगावाट र मर्स्याङ्दी ६९ मेगावाट छन्। समुन्द्रटार क्षेत्रमा ३ वटा आयोजनाको २१ मेगावाट र मोदी क्षेत्रमा २ वटा आयोजनाको २८ मेगावाट प्रभावित भएको छ। समुन्द्रटारमा तादी थाप्रेक ५ मेगावाट, माथिल्लो तादी ११ मेगावाट र तादी खोला ५ मेगावाट छन्।

## विद्युत् महसुलको भ्याट फिर्ता लिन महासंघको माग

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघले चालु आर्थिक वर्ष २०८३/८४ देखि विद्युत महसुलमा लागू गरिएको मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता लिन सरकारसँग आग्रह गरेको छ। विद्युत महसुलमा भ्याट लगाउँदा उत्पादन लागत बढेको भन्दै महासंघले फिर्ता लिन माग गरेको हो। विद्युत औद्योगिक उत्पादन, व्यापार तथा पर्यटन क्षेत्रको आधारभूत पूर्वाधार भएकाले यसमा थप कर लगाउँदा उत्पादन लागत, सञ्चालन खर्च, नगद प्रवाह र समग्र व्यावसायिक प्रतिस्पर्धात्मकतामा प्रत्यक्ष असर पर्ने महासंघले जनाएको छ।

'मुअकर थपिँदा विशेषगरी उच्च उर्जा खपत गर्ने, मुअकर छुटको कारोबार गर्ने साथै साना तथा मझोला उद्योगहरू र होटल तथा पर्यटन व्यवसायको लागत बढेको व्यबसायीहरूबाट गुनासो आएको छ,' महासंघले भनेको छ, 'कानुनबमोजिम इनपुट ट्याक्स क्रेडिटको व्यवस्था भए पनि कर समायोजन तथा फिर्ता प्रक्रिया र कारोबारको प्रकृतिका कारण सबै व्यवसायले विद्युतमा तिरेको भ्याट तत्काल वा पूर्णरूपमा समायोजन गर्न सक्ने अवस्था नरहेको व्यवसायीहरूको गुनासो छ।'

यसले सञ्चालन पुँजीमा दबाब सिर्जना गर्नुका साथै नयाँ लगानी, उद्योग विस्तार र रोजगारी सिर्जनामासमेत असर पारेको महासंघको भनाइ छ। 'यस्तो प्रावधानले उद्योगले व्यवसाय विस्तार गर्न र रोजगारी सिर्जना गर्न समेत बाधा पुगेको छ। साथै यसको भार उपभोक्तासम्म पुग्ने र समग्र मूल्यवृद्धिमा थप चाप पर्न सक्ने अवस्था सिर्जना हुन्छ,' महासंघले भनेको छ।

## मधेस प्रदेशको पहिलो सार्वजनिक वित्त व्यवस्थापन मूल्यांकन प्रतिवेदन सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** मधेस प्रदेश सरकारले सार्वजनिक वित्त व्यवस्थापन (पीएफएम) प्रणालीको पहिलो मूल्यांकन प्रतिवेदन सार्वजनिक गरेको छ। प्रदेश सरकार, एसियाली विकास बैंक (एडीबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) को संयुक्त आयोजनामा आज जनकपुरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री कृष्णप्रसाद यादव, प्रदेशका अर्थमन्त्री युवराज भट्टराई, एडीबी नेपाल आवासीय नियोगका देशीय निर्देशक अर्नो काउस्वा र सेजन अध्यक्ष भागवत भट्टराईले प्रतिवेदन सार्वजनिक गरे।




प्रतिवेदन सार्वजनिक गर्दै मधेस प्रदेश मुख्यमन्त्री कृष्णप्रसाद यादवले पेफा मूल्यांकन प्रतिवेदनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको वर्तमान अवस्थाको वस्तुनिष्ठ र प्रमाणमा आधारित स्पष्ट चित्र प्रस्तुत गरेको बताए। 'प्रतिवेदनले आगामी दिनमा वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने केही संवेदनशील क्षेत्रहरूको पनि स्पष्ट रूपमा पहिचान गरेको छ, बजेटको विश्वसनीयतामा सुधार गर्ने, सार्वजनिक लगानी व्यवस्थापन सुदृढ गर्ने, बजेट निर्माण तथा सेवा प्रवाहको डिजाइन प्रक्रियामा नागरिक सहभागिता बढाउने र राजस्व तथा खर्च व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्ने विषय प्रमुख सुधारका क्षेत्र हुन्,' उनले भने।

मुख्यमन्त्री यादवले मूल्यांकनले सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्नुका साथै त्यसको कार्यान्वयनका लागि स्पष्ट मार्गचित्र समेत उपलब्ध गराएको बताए। मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले पेफा मूल्यांकनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको कार्यसम्पादनको वस्तुनिष्ठ तथा तथ्यमा आधारित चित्र प्रस्तुत गरेको बताए।

'मूल्यांकनले हालसम्म हासिल गरेका महत्वपूर्ण उपलब्धिलाई पहिचान गर्नुका साथै आगामी दिनमा थप सुधार गर्नुपर्ने क्षेत्रलाई पनि स्पष्ट रूपमा देखाएको छ,' उनले भने, 'यसले बजेट कार्यान्वयन, सार्वजनिक खरिद प्रक्रिया, आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय प्रतिवेदन तथा अनुगमन र निगरानी संयन्त्र थप सुदृढ गर्ने महत्वपूर्ण अवसर समेत देखाएको छ।' मधेस प्रदेश अर्थ मन्त्रालयका सचिव सेवन्तक पोखरेलले प्रतिवेदनले वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने महत्वपूर्ण क्षेत्र स्पष्ट पहिचान गरेको बताए।

एडीबी मनिलास्थित सार्वजनिक क्षेत्र तथा सुशासन क्षेत्र विभाग निर्देशक छिडेम अकिनले पेफा मूल्यांकनले बजेटको विश्वसनीयता सुधार गर्न, पारदर्शिता तथा जवाफदेहिता बढाउन, वित्तीय अनुशासन सुदृढ गर्न र नागरिक हितमा सार्वजनिक स्रोतको अझ प्रभावकारी उपयोग गर्न सहयोग पुऱ्याउने बताइन्। एडीबी नेपाल आवासीय नियोगका कन्ट्री डाइरेक्टर अर्नो काउस्वाले मूल्यांकन सम्पन्न हुनु सुधारको नयाँ चरणको सुरुवात भएको बताए।

कार्यक्रममा पेफा परामर्शदाता प्रकाशजंग थापाले मूल्यांकनका प्रमुख निष्कर्ष प्रस्तुत गरेका थिए। अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डका आधारमा प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली मूल्यांकन गरिएको प्रतिवेदनले आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मको अवधि समेटेको छ। मूल्यांकन क्रममा प्रदेशसभामा पेस गरिएको पछिल्लो बजेट २०८१/८२ को थियो।

मूल्यांकनमा ३२ वटा कार्यसम्पादन सूचक तथा ९८ वटा आयाम अध्ययन गरिएको थियो। सूचक तहमा मधेस प्रदेशले समग्रमा 'डी प्लस' अंक प्राप्त गरेको छ। आयाम तहमा भने 'डी' सबैभन्दा बढी दोहोरिएको अंक रहेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्नुपर्ने विभिन्न पक्षसमेत औँल्याएको छ। राजस्व तथा खर्चको वास्तविक उपलब्धि न्यून हुनु, बजेट निर्माण तथा सार्वजनिक लगानी योजनामा सीमित सार्वजनिक परामर्श हुनु, बजेट बाहिरका निकायको वित्तीय अनुगमन पर्याप्त नहुनु तथा सेवा प्रवाह सम्बन्धी सूचना सीमित हुनु प्रमुख कमजोरीका रूपमा देखिएका छन्।

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार, उभभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं,

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ